गोलाकार भित्रको हँसिया हतौडा
चुनाव चिन्हमा मतदान गरौं

# सबैलाई लोकतन्त्र, सबैलाई समृद्धि

सस्तो, भरपर्दो र सुधारिएको स्वास्थ्य सेवा सबैलाई

प्रविधि र व्यावहारिक सिपयुक्त शिक्षा सरकारी स्कुलमै

लगानीमैत्री वातावरणमा देशभित्रै नयाँ रोजगारी

स्थिर सरकार सुनिश्चित गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी

भ्रष्टाचारलाई जरैबाट समाप्त गर्न पूर्ण समानुपातिक निर्वाचन





## प्रतिबद्धतापत्र–२०७९

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन

**नेपाल समाजवादी पार्टी**

गोलाकार भित्रको हँसिया हतौडा चुनाव चिन्हमा मतदान गरौं

# प्रतिबद्धतापत्र-२०७९

## नेपाल समाजवादी पार्टी



# हाम्रा १२ वाचा



सस्तो, भरपर्दो र सुधारिएको स्वास्थ्य सेवा सबैलाई



प्रविधि र व्यावहारिक सिपयुक्त शिक्षा सरकारी स्कुलमै



लगानीमैत्री वातावरणमा देशभित्रै नयाँ रोजगारी



स्थिर सरकार सुनिश्चित गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी



भ्रष्टाचारलाई जरैबाट समाप्त गर्न पूर्ण समानुपातिक निर्वाचन



हरियो, सफा र खुल्ला शहर



उद्यमीलाई देशभरी प्रोत्साहन



व्यावसायिक कृषिलाई प्राथमिकता



भौतिक पूर्वाधारमा विशेष पहल



सूचना प्रविधि र अनुसन्धानलाई उच्च प्राथमिकता



बिजुली नै प्रमुख ऊर्जा



महिला सुरक्षाको ग्यारेन्टी

**मेचीदेखि महाकाली,**
**सबैतिर विकास र खुसीयाली !!**

प्रतिबद्धतापत्र–२०७९

नेपाल समाजवादी पार्टी



# तपाईंहरूलाई मेरो पत्र

**आदरणीय आमाबुबा, दिदीबहिनी र दाजुभाइहरू,**

चार दशकभन्दा लामो मेरो राजनीतिक जीवन यहाँहरूका बीचमा खुला पुस्तक जस्तै छ । देशभित्रको विपन्नता, विभेद, निरङ्कुशता, अवसरको असमानता र भ्रष्टाचारले रन्थनिएको मेरो युवा मस्तिष्क अध्ययनका क्रममा भारत पुगेपछि त्यहाँका नेपालीका दु:ख र वेदना देखेर अझ विचलित भयो । एउटा इन्जिनियरका रुपमा केही घर र संरचना बनाएर पुग्दैन, सिंगो देश नै बदल्नु र बनाउनुपर्छ भन्ने निष्कर्ष लिएर म नेपाल फर्किएँ । यसबीचमा नेपालको आर्थिक, सामाजिक र राजनीतिक रुपान्तरणका लागि मैले अग्रसरता लिएका विभिन्न राजनीतिक प्रयोगहरू पनि सबैका सामु नै छन् । अहिले म चुनावी अभियानबाट अलगत भएको छु, तर राष्ट्र परिवर्तनको जुन आवेग र संकल्पले मलाई राजनीतिमा ल्यायो, रुपान्तरणकारी राजनीतिको त्यो प्रतिबद्धतामा म अहिले पनि उत्ति नै कटिबद्ध छु ।

**आदरणीय देशवासी,**

यो हाम्रो कुनै चुनावी घोषणापत्र होइन, बरु राष्ट्र निर्माणको संकल्पपत्र हो । जनयुद्ध, जनआन्दोलन, मधेस विद्रोह र उत्पीडितहरूका संघर्षका बलमा नेपाल लोकतन्त्रको राजमार्गमा त प्रवेश गरेको छ, तर औपचारिक लोकतन्त्रलाई पूर्ण लोकतन्त्रमा लैजान बाँकी नै छ । संघ र प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी नभएसम्म अस्थिरताको समाधान खोज्न सकिन्न ।

भर्भराउँदो युवा पुस्ताको राजनीतिक सक्रियता हिजोका संघर्षहरूकै परिणाम हो । सधैं युवा पुस्तालाई साथ र सम्मान दिँदै आएको म एउटै अपिल गर्न चाहन्छु, इतिहासको जगमा टेकेर मात्र तपाईंहरू अघि बढ्न सक्नुहुन्छ, इतिहासप्रति घृणामा उभिएर होइन । अग्रगमनको यात्राप्रति वितृष्णा होइन, ठोस प्रतिबद्धताले मात्रै युवा पुस्तालाई रुपान्तरणकारी राजनीतितिर लैजान्छ ।

प्रगतिशील राष्ट्रवादमा आधारित स्वाधीनता, संघीयताको सुदृढीकरण अनि समावेशी, समानुपातिक सहभागितामूलक लोकतन्त्र हाम्रो लक्ष्य हुनुपर्छ । नैतिक नेतृत्व, सुशासन र सदाचार हाम्रो संकल्प हुनुपर्छ । सडक, सदन र सरकारका मोर्चाहरूबाट एकीकृत रुपान्तरणकारी अभियानले मात्र हाम्रो लक्ष्य प्राप्त हुनसक्छ ।

**आदरणीय जनसमुदाय,**

सम्भावनापूर्ण व्यावसायिक 'करिअर' लाई छोडेर पूर्णकालीन राजनीतिमा होमिँदा, जनयुद्धको नेतृत्व गर्दा वा शान्तिप्रक्रियामा सहभागी हुँदा पनि म कहिल्यै निजी आकांक्षाले प्रेरित भइनँ । एउटा सामान्य किसानको छोरो देशवासीको प्रेम पाएर प्रधानमन्त्रीसमेत बनेँ । त्यो प्रेमको ऋण तिर्न मेरो बाँकी जीवन पनि राष्ट्र निर्माणमै समर्पित गर्ने मेरो संकल्प छ । हामीले राजनीतिक क्रान्ति आधारभूत रुपमा पूरा गरेका छौँ । अब हाम्रै जीवनकालमा आर्थिक क्रान्ति गरेर समतामूलक समृद्धिको प्रत्याभूति मेरो जीवनको लक्ष्य हो ।

यो आम निर्वाचनमा प्रतिगमनकारी शक्तिहरूका विरुद्ध अग्रगमनकारी शक्तिहरूलाई विजयी गराएर त्यो दिशामा अघि वढ्न योगदान गर्नुहुनेछ भन्ने हार्दिक आग्रह गर्दछु ।

धन्यवाद !

***डा. बाबुराम भट्टराई***<br>
***अध्यक्ष***<br>
***नेपाल समाजवादी पार्टी***

# विषय सूचि


| विषय | पेज |
|---|---|
| **खण्ड १ विचार र राजनीति - विकास र समृद्धि** | **१** |
| १.१ प्रारम्भ | १ |
| १.२ विकासमा नेपाल: ऐतिहासिक तथ्य र दुई यक्ष प्रश्नहरू | २ |
| १.३ संविधान संशोधन | ४ |
| १.४ राज्य संचालनको मोडेल - समुन्नत समाजवादी मोडेल | ६ |
| १.४.१ प्रगतिशील राष्ट्रवादमा आधारित स्वाधीनता | ७ |
| १.४.२ राज्यको पुनसंरचना र संघीयताको सुदृढीकरण | ९ |
| १.४.३ समावेशी समानुपातिक सहभागितामूलक लोकतन्त्रको विकास | ९ |
| १.४.४ सुशासन र सदाचार | ११ |
| १.४.५ समतामूलक समृद्धि | १४ |
| १.५ नेपाल समाजवादी पार्टी: अन्य पार्टीहरू भन्दा फरक के ? | १ |
| **खण्ड २ समतामूलक समृद्धि** | **१६** |
| २.१ समतामूलक समृद्धिको अवधारणा | १६ |
| २.२ समतामूलक समृद्धिका आयामहरू लक्षित कार्यक्रमहरू | १७ |
| २.२.१ तीव्र आर्थिक वृद्धि - रोजगारी सहितको आत्मनिर्भर अर्थतन्त्रको निर्माण | १७ |
| २.२.२ सामाजिक विकास र समन्यायिक वितरण | २७ |
| २.२.३ वातावरणीय संरक्षण र दीगो विकास | ३८ |
| २.२.४ मानवीय खुसी | ३९ |
| **खण्ड ३ मतदाताहरूसँग अपिल** | **४१** |
| **अनुसूचि** | **४२** |

# खण्ड १
# विचार र राजनीति - सुशासन र समृद्धि

## १.१ प्रारम्भ

**आदरणीय नेपाली दिदीबहिनी तथा दाजुभाइहरू,**

मुलुकमा समावेशी लोकतन्त्र सहितको समृद्धिका लागि इतिहासका विभिन्न कालखण्डहरूमा, नेपाली जनताले अदम्य साहसिक र गौरवपूर्ण संघर्ष गरेका छन् । यस क्रममा भएका १० वर्षको जनयुद्ध, मधेस जनविद्रोह, आदिवासी जनजाति, खस, थारु, दलित/शिल्पी लगायतका उत्पीडित समुदायको आन्दोलनको समग्र परिणामका रूपमा नेपालमा आधारभूत लोकतन्त्रको स्थापना भएको छ । यी सबै आन्दोलनमा आफ्नो जीवन बलिदान दिनुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै शहीद तथा बेपत्ता परिवार, यातनापीडित परिवारलगायत वि भिन्न तरिकाले लोकतान्त्रिक आन्दोलनमा योगदान गर्नुहुने सम्पूर्ण योद्धाहरूप्रति हामी हृदयदेखि नै सम्मान व्यक्त गर्दछौं । यस क्रममा आआफ्नो ठाउँबाट योगदान गर्नुहुने सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछौं ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै आयामबाट यतिखेर हामी नयाँ युगमा छौं। शास्त्रीय उदार लोकतन्त्र वा पुँजीवाद र राज्यकेन्द्रित एकदलीय ढाँचाको साम्यवाद दुवै विश्वव्यापी रूपमा असफल भएका छन् । नेपालमा  विद्यमान राजनीतिक दलहरू पुरानै विचार र अभ्यासभन्दा बाहिर निस्कन सकिरहेका छैनन् । अझ ठोस रूपमा भन्दा तिनीहरूमा नयाँ युगको नेतृत्व गर्ने सही विचार, योजना, कार्यक्रम र दृढता छैन । यही कारणले गर्दा हाम्रो मुलुक राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक, वातावरणीय तथा मानवीय संकटहरूमा फसिरहेको छ ।

यो संकट हल गर्न र नयाँ युगको नेतृत्व गर्न नेपालका लागि वैज्ञानिक विचार, दृष्टिकोण र दृढ इच्छाशक्ति भएको एउटा नयाँ राजनीतिक शक्ति अपरिहार्य बनेको छ । नयाँ, अग्रगामी, प्रगतिशील-लोकतान्त्रिक चेतना तथा वास्तविक समाजवादी सोच भएको बलियो शक्तिविना देश अग्रगमनमा जान सक्दैन । यहि आवश्यकताको बोध गरेर नेपाल समाजवादी पार्टी (नेसपा) स्थापना भएको हो । यो पार्टी नयाँ शक्ति पार्टी हुँदै सुरुवात भएको एक श्रृंखलाकै नयाँ कडी हो । नयाँ शक्ति, समाजवादी पार्टी, जनता समाजवादी पार्टी हुँदै नेसपासम्म आइपुग्दा हामीले विचार, सिद्धान्त, एजेण्डा, निष्ठा र मूल्यप्रणालीका सारतत्वलाई कायमै राखेका छौं । स्वाधीनता, समावेशिता, संघीयता, सुशासन, समृद्धि र समाजवाद जस्ता आफ्ना मूलभूत सिद्धान्तलाई शिरोपर गर्दै हामी अगाडि बढिरहेका छौं ।

## १.२ विकासमा नेपाल: ऐतिहासिक तथ्य, दुई यक्ष प्रश्नहरू

### यक्ष प्रश्न १- नेपाल विकास नहुनुको कारण के हो ? समस्या कहाँ छ ?

तलको तालिका १.१ मा नेपालसहित एशियाका केही मुलुकहरूको सन् १९६१ र २०२१ को प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन दिइएको छ । यस तालिकाबाट गएको ६० वर्षमा चीन, कोरिया, मलेशिया, सिंगापुर लगायतका मुलुकहरूले निकै प्रगति गरेको पाइन्छ । परन्तु यस अवधिमा नेपालको भने आर्थिक विकासले गति लिन सकेन । यसले गर्दा मुलुकको आर्थिक वृद्धि ज्यादै न्यून रह्यो । यसको परिणाम मुलुक अझै पनि अल्पविकसित अवस्थामा छ, देशमा बेरोजगारी र गरिबी व्यापक छ, हरेक वर्ष व्यापार घाटा बढ्दो छ । विश्व चौथो औधोगिक क्रान्तिमा प्रवेश गरी सक्दा पनि नेपाल अझै किनारा र आसेपासे पुँजीवाद (पेरिफेरियल एण्ड क्रोनी क्यापिटालिज्म) मै रुमलिएको छ । आज हामी विश्वका गरीब मुलुकहरू मध्ये एकमा पर्दछौं । यसले एउटा गम्भीर प्रश्न उब्जाउँदछ । त्यसो भए नेपाल विकास नहुनुको कारण के हो ? समस्या कहाँ छ ?

- भौगोलिक अवस्थिति? प्राकृतिक संशाधनको कमि ? मानवीय संशाधनको कमि ?
- राजनीतिक व्यवस्था ? राजनीतिक दल र उनीहरूको नेतृत्वमा वैचारिक समस्या ? दूरदृष्टि नहुनु ? कार्यसम्पादन क्षमतामा कमि ? चरित्रगत समस्या ?

**तालिका १.१ केही एशियाली मुलुकहरूको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनको तुलना**

| देश | सन् १९६१ | | सन् २०२१ | |
|---|---|---|---|---|
| | डलर | नेपालसँग तुलना | डलर | नेपालसँग तुलना |
| चीन | ७६ | १.५ | १२,५५६ | १०.३ |
| भारत | ८५ | १.६ | २,२७७ | १.९ |
| मलेसिया | २२६ | ४.४ | ११,३७१ | ९.३ |
| कोरिया | ९४ | १.८ | ३४,७५८ | २८.४ |
| सिंगापुर | ४४९ | ८.७ | ७२,७९४ | ५९.५ |
| नेपाल | ५२ | १.० | १,२२३ | १.० |

स्रोत: https://data.worldbank.org/ (Last update: 20/07/2022- current US$)

जल, जमिन, जंगल, जडीबुटी, जैविक विविधता, जलवायु जस्ता प्राकृतिक संसाधनमा नेपाल समृद्ध छ । [illegible]
[illegible]

अर्थतन्त्रको पुल बनेर आर्थिक फाइदा लिन सकिने अवस्थामा नेपाल विद्यमान थियो र छ । यसबाट नेपालको आर्थिक-सामाजिक विकास नहुनुको मूल समस्या राजनीतिक नै हो भन्ने स्पष्ट हुन्छ। यो अवधिको पहिलो चरण (सन् १९६०-१९९०) नेपालमा निरङ्कुश राजतन्त्रको नेतृत्वमा चल्ने एकात्मक र सामन्तवादी उत्पादन प्रणालीमा आधारित राज्यसत्ता भएकोले राज्यव्यवस्था नै विकास मैत्री थिएन ।

परन्तु पछिल्लो चरणमा (सन् १९९०-२०२०) वर्तमानका राजनीतिक शक्तिहरूले राज्यसत्ताको बागडोर सम्हाले पनि उनीहरूको विचार र दृष्टिकोण वैज्ञानिक नहुनुको साथै ती दल र विशेषगरी नेतृत्वमा मुलुक विकास गर्ने सही योजना, कार्यक्रम र दृढ इच्छाशक्तिको अभावका कारणले अन्य मुलुकहरू विकास र समृद्धिको शिखर चुम्दा पनि हामी नेपालीको आर्थिक-सामाजिक अवस्थामा खासै बदलाव आउन सकेन । यो कुरा हालसालै यूएनडीपीले प्रकाशित गरेको प्रतिवेदनमा नेपाल मानव विकास सूचकाङ्कमा विश्वका १८५ देशहरूमा १४३ औं स्थानमा भएबाट पनि पुष्टि हुन्छ ।

**यक्ष प्रश्न २- यसको के हो त समाधान ?**

राजनीतिको मुख्य उद्देश्य समाज र राज्यमा विद्यमान समकालीन समस्याहरूको सही पहिचान गर्नु र ती समस्याहरूको समाधान गर्नु हो । हाम्रो मुलुकका माथि भनिएका समस्याहरूको समाधान मूलतः संविधान संशोधन र समुन्नत समाजवादी पद्धतिका आयामहरूलाई सही ढंगले कार्यान्वयन गरेर गर्न सकिन्छ ।

**मुलुकको विद्यमान समस्याहरूको समाधानका २ कडीहरू**

**१. पहिलो कडी-संविधान संशोधन मार्फत लोकतन्त्रको लोकतान्त्रीकरण**

हामीले अहिले अभ्यास गरिरहेको लोकतन्त्र सीमित र औपचारिक प्रकारको लोकतन्त्र हो। मुलुक भित्रका सम्पूर्ण नागरिकलाई वास्तविक रूपमा सार्वभौमसत्ता सम्पन्न नबनाईकन लोकतन्त्र सबल, सक्षम र कामयावी हुँदैन। यो औपचारिक लोकतन्त्रलाई पूर्ण लोकतन्त्रमा रूपान्तरण गर्न वर्तमान संविधानमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली लगायतका निम्ति संशोधन गर्नु पर्दछ।

**२. दोस्रो कडी-समुन्नत समाजवादी पद्धतिबाट गरिने राज्य संचालन**

राष्ट्रिय स्वाधीनता, संघीय शासन प्रणाली, समावेशी समानुपातिक र सहभागितामूलक लोकतन्त्र, सुशासन र सदाचार एवं समतामूलक समृद्धिको योगफल नै समुन्नत समाजवाद हो । यी आयामहरूको सही तरिकाबाट गरिने कार्यान्वयनबाट मात्र मुलुकको दीगो आर्थिक-सामाजिक विकास हुनेछ र नेपाल समृद्ध बन्नेछ ।

**समुन्नत समाजवाद=स्वाधीनता+संघीयता+समावेशी लोकतन्त्र+सुशासन+समृद्धि**

## १.३ संविधान संशोधन

हाम्रो पार्टीको मुख्य उद्देश्य विद्यमान संसदीय लोकतन्त्रको ठाउँमा लोकतन्त्रको एक नयाँ ढाँचा समानुपातिक-समावेशी सहभागितामूलक लोकतन्त्र मार्फत सुशासनको प्रत्याभूति आम नेपाली नागरिकहरूलाई दिलाई देशलाई मूलतः आर्थिक क्रान्ति, विकास र समृद्धिको मार्गमा अग्रसर गराउनु हो। संविधानसभाबाट नेपालको संविधान-२०७२ लागु भएसँगै नेपालमा लोकतान्त्रिक आन्दोलनको एउटा युगको आधारभूत रूपमा अन्त्य भएको छ। मूलतः यो संविधानमा बहुदलीय लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता/समानुपातिकता, सामाजिक न्याय र समाजवादउन्मुख विकास जस्ता थुप्रै सकारात्मक पक्षहरू रहेका छन्।

परन्तु, यो संविधानमा प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक संसद सहितको शासकीय स्वरूप नहुनु, राज्य पुनर्संरचना आयोगको प्रतिवेदन अनुरूपको प्रादेशिक सीमांकन नहुनु, नागरिकता सम्बन्धि प्रावधानमा लैङ्गिक तथा अन्य कतिपय प्रकारको विभेद कायम नै रहनु र शासकीय तह/संचरनामा कतिपय पुराना आधारहरू कायमै राख्नुले, यो संविधान पूर्ण लोकतान्त्रिक छैन भन्ने हाम्रो मान्यता रहेको छ। साथै प्रशासनिक पुनर्गठन र सुशासनको प्रत्याभूत गर्ने दृष्टिकोणमा पनि कतिपय संवैधानिक प्रावधानहरू त्रुटीपूर्ण छन्। त्यसैले हामीले यो संबिधानलाई पहिलेदेखि नै आधा पानी भरिएको, आधा खाली रहेको गिलाससँग तुलना गरेका हौं। संविधान संशोधन पक्षधर शक्तिहरूको दुई तिहाई पुऱ्याई, संविधानका उपरोक्त कमिकमजोरीहरूलाई संशोधन मार्फत सच्याएर संविधानमा सबै पक्षको अपनत्व सुनिश्चित गर्नुपर्दछ। यसलाई हामीले लोकतन्त्रको लोकतान्त्रिकीकरण नाम दिएका छौं। यसका लागि हाम्रो पार्टी निम्नानुसारका १० संकल्पहरूप्रति प्रतिबद्ध छ।

### लोकतन्त्रको लोकतान्त्रिकीकरणका लागि नेसपाका १० संकल्प

१. **राज्यको संघीय पुनर्संरचना -** राज्य पुनर्संरचना आयोगको प्रतिवेदन अनुरूप प्रदेशहरूको पुनर्संरचना गरिनेछ।

२. **आन्तरिक लोकतन्त्र -** दलहरूको अन्तरपार्टी लोकतन्त्र सुदृढ गर्न निर्वाचन उम्मेद्वारको मनोनयनका लागि सबै दलहरूले सबै तहमा प्राइमरी इलेक्सन गर्नुपर्ने दलीय कानून निर्माण गरिनेछ।

३. **प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेश प्रमुख-** संघमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेशमा प्रत्यक्ष निर्वाचित प्रदेश प्रमुख हुने प्रणाली कायम गरिनेछ। एक व्यक्ति

दुई कार्यकाल भन्दा बढी राष्ट्रपति/प्रदेश प्रमुख हुन नपाउने व्यवस्था गरिनेछ।

४. **मन्त्रीमण्डल स्वतन्त्रतापूर्वक गठन-** प्रत्यक्ष निर्वाचित कार्यकारीले आफ्नो मन्त्रीमण्डल स्वतन्त्रतापूर्वक विज्ञ तथा राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तित्वहरूबाट बनाउन सक्ने व्यवस्था गरिनेछ।

५. **सांसदको भूमिका विधायकी-** सांसद विधायकी भूमिकामा सीमित हुनु पर्ने प्रणाली स्थापित गरिनेछ।

६. **समन्यायिक समावेशिता-** संघ र प्रदेश दुवै तहमा प्राथमिकता र समावेशिता प्रष्ट हुने सूचीमा आधारित पूर्ण समानुपातिक संसदको निर्वाचन गरिनेछ।

७. **शक्तिपृथकीकरण-** शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा सबै तहहरूः व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र संवैधानिक अङ्गहरू सञ्चालन हुनेछन्।

८. **जनमत संग्रह-** राष्ट्रिय जीवनका महत्वपूर्ण सवालहरूमा जनमत संग्रह गर्ने व्यवस्था गरिनेछ।

९. **राइट टु रिजेक्ट र राइट टु रिकल-** निर्वाचन कानूनमा अस्वीकारको अधिकार (राइट टु रिजेक्ट) र प्रत्याव्हानको अधिकार (राइट टु रिकल) को व्यवस्था गरिनेछ।

१०. **आर्थिक पारदर्शिता -** दलहरूले वास्तविक कारोवारमा आधारित लेखा राख्नु पर्ने, आम्दानी र खर्चको विवरण मासिक रूपमा वेभसाइडमा राख्नु पर्ने अन्यथा दल दर्ता खारेज हुने कानून बनाइनेछ।

## संविधान संशोधनको प्रतिफल-सबैको लागि लोकतन्त्र

### यसबाट मुलुकमा निम्नलिखित उपलब्धिहरू हासिल हुनेछन् :

१. राजनीति सही दिशामा हिड्न शुरू गर्नेछ। विद्यमान अपूर्ण संविधानले पूर्णता पाउनेछ । यसको फलस्वरूप संविधानमा उल्लेखित विषयवस्तुहरूलाई कार्यान्वयनमा ल्याउन सहज हुनेछ।

२. राज्यसत्तामा सबैको समान पहुँच पुग्नेछ। सबै मुलुकवासीले आफूलाई सम्मान प्राप्त गरेको अनुभूति गर्नेछन्।

३. देशको आर्थिक विकास र समृद्धिको लागि संविधान उत्प्रेरक दस्तावेज बनिरहनेछ।

## १.४ राज्य संचालनको मोडेल - समुन्नत समाजवादी मोडेल

समुन्नत समाजवादका ५ आयामहरूको सही कार्यान्वयनबाट मुलुकभित्र देखिएका समस्या एवं चुनौतीहरूको वैज्ञानिक तथा वस्तुसंगत समाधान गरी नेपाललाई समृद्ध बनाउन सकिन्छ भन्ने हाम्रो ठम्याइ रहेको छ । यी आयामहरूको कार्यान्वयनबाट कसरी नेपाललाई समृद्ध बनाउन सकिन्छ भन्ने बारेमा संक्षिप्तमा तल चर्चा गरिन्छ ।

### आयाम १

### १.४.१ प्रगतिशील राष्ट्रवादमा आधारित स्वाधीनता

नेपालको स्वाधीनता, सम्प्रभुता र भौगोलिक अखण्डताको रक्षा र संवर्द्धन समुन्नत समाजवादको आधारभूत महत्वको विषय हो । नेपालको भूराजनीतिक अवस्था र भूमण्डलीकरणले हाम्रो सार्वभौमिक अधिकार खुम्चिनु हुँदैन । साथै छिमेकी मित्रराष्ट्र तथा अन्य मुलुकहरूसँग भाइचाराको सम्बन्ध स्थापित गरी नेपाली बस्तु तथा सेवा बजारको दायरा बढाउने, उनीहरूको पुँजी र प्रविधिलाई नेपाल भित्र्याएर राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्ने नीति हाम्रो लागि उपयोगी हुन्छ । त्यसैले प्रगतिशील राष्ट्रवादमा आधारित पूर्ण स्वाधीनता र स्वतन्त्रता हाम्रो आधारभूत लक्ष्य हुनेछ । यस सन्दर्भमा हाम्रो पार्टीको नीतिगत अवधारणा यस प्रकार हुनेछ ।

१. **बाह्य हस्तक्षेप अमान्य-** नेपालको सम्प्रभुतामाथि कुनै प्रकारको हस्तक्षेप हामीलाई मान्य हुनेछैन ।
२. **आत्मसमर्पणवादी प्रवृत्तिको विरोध-** सत्ता स्वार्थका लागि राष्ट्रिय हितलाई तिलाञ्जली दिने आत्मसमर्पणवादी प्रवृत्तिको विरोध गरिनेछ ।
३. **समानता र स्वतन्त्रताको पक्षधर-** हामी शान्ति, मानवता, न्याय, समानता र स्वतन्त्रतामा आधारित नयाँ विश्व व्यवस्थाको पक्षमा उभिनेछौं ।
४. **नयाँ विश्वदृष्टिकोण -** भूमण्डलीकरण र सूचना प्रविधिको विकास जस्ता परिवर्तनहरूले २१ औं शताब्दीको विश्व पुरानो समयभन्दा फरक भएको छ । अहिलेको परिवर्तनलाई आत्मसात् गरी राष्ट्रिय सहमतिमा नेपालको नयाँ विश्वदृष्टिकोण निर्माण गर्न नेपाल समाजवादी पार्टीले पहल गर्नेछ ।
५. **पञ्चशीलको सिद्धान्तमा अडिग-** छिमेकी तथा अन्य मुलुकहरूसँग पञ्चशीलको सिद्धान्तमा आधारित सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिनेछ ।
६. **अन्तर्राष्ट्रिय समुदायसँग भाइचारा सम्बन्ध-** अन्तर्राष्ट्रिय शान्ति, क्षेत्रीय विकास जस्ता कार्यमा अन्तर्राष्ट्रिय समुदायसँग भाइचाराको सम्बन्धका आधारमा सहकार्य

गरिनेछ। साथै नेपालमा राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्न अन्तर्राष्ट्रिय पुँजी तथा प्रविधि सुलभ तरिकाले हासिल गर्न लागिनेछ।

७. **अन्तर्राष्ट्रिय प्रतिबद्धता प्रति प्रतिबद्ध-** मुलुकलाई हानी नपुऱ्याउने द्विपक्षीय/वहुपक्षीय अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न लागिनेछ।

## प्रगतिशील राष्ट्रवादमा आधारित स्वाधीनताको प्रतिफल

१. यसले भूराजनीतिक जटिलताको बीचमा पनि हामीलाई राष्ट्रिय हितको संरक्षण र संवर्द्धन गर्न सहजता दिनेछ।

२. नेपालको स्वाधीनता, शान्ति सुरक्षा र समृद्धिमा अन्तर्राष्ट्रिय समुदायको निरन्तर सहयोग प्राप्त हुनेछ।

## आयाम २

### १.४.२ राज्यको पुनर्संरचना र संघीयताको सुदृढीकरण

संघीयता भनेको राजकीय सत्ता तथा शासनाधिकार साझेदारीको सिद्धान्त हो। संघीय शासन प्रणालीको आधारमा राज्य सञ्चालन गरिने यस्तो व्यवस्थामा संवैधानिक रूपमा नै राज्यशक्तिको बाँडफाँट गरिएको हुन्छ। नेपाल बहुराष्ट्रिय, बहुभाषिक, बहुसांस्कृतिक र क्षेत्रीय विविधतायुक्त विविध जाति, भाषा, धर्म, संस्कृति, भूगोल, अर्थतन्त्र र मनोविज्ञानले बनेको मुलुक हो। सुदृढ संघीयताले यसभित्र रहेका थुप्रै राष्ट्रियताहरूको एकतालाई बलियो बनाउँन मद्दत गर्दछ। यस सन्दर्भमा हाम्रो पार्टीको नीतिगत अवधारणाहरू यसप्रकार रहेका छन्।

**१. राज्यको पुर्नसंरचना तथा संघीयता सुदृढीकरण कार्यदल गठन-** राज्यको पुनर्संरचना आयोगको प्रतिवेदन अनुरूप प्रदेशहरूको पुनर्संरचना गर्न र संघीयताको संस्थागत विकास र सुदृढीकरणका लागि आवश्यक सुझाव दिन एक उच्चस्तरीय राज्य पुर्नसंरचना तथा संघीयता सुदृढीकरण कार्यदल गठन गरिनेछ। संविधानका अपूर्णता र विगतका अनुभवहरू समेतलाई दृष्टिगत गरी पहिचान, सहअस्तित्व, सहकारिता र समन्वयनमा आधारित संघीयताको संस्थागत विकास गर्नका लागि कार्यदलबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गरिनेछ।

**२. अधिकारको बाँडफाँडको पुनरावलोकन-** सन्निकटताका सिद्धान्त अनुसार तीन तहका सरकारहरूका बीच अधिकारको बाँडफाँडलाई पुनरावलोकन गरी कुन तहलाई कुन अधिकार र कार्यक्षेत्र प्रधान गर्दा प्रभावकारी हुनसक्छ सोही आधारमा

अधिकारको पुनः बाँडफाँड गरिनेछ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न तोकिएका अधिकारसँग सम्बन्धित कानून लगायत अन्य आवश्यक ऐन कानूनहरू प्राथमिकताका साथ तर्जुमा गरिनेछ ।

**३. स्थानीय तहकको सवलीकरण**

(क) नागरिकलाई आधारभूत सेवाहरू प्रदान गर्न वडातहको भूमिका सहज र प्रभावकारी रहेको हुनाले वडालाई संघीयताको संरचनागत आधार स्तम्भको रूपमा सबल बनाइनेछ। त्यसका लागि आवश्यक पर्ने नीतिगत सुधारहरू समेत गरिनेछ ।

(ख) स्थानीय तहको न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाउन उक्त समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । यसका लागि आवश्यक पर्ने नीतिगत सुधार गरिनेछ ।

(ग) स्थानीय सरकारका कामकारवाहीलाई सहज तथा प्रभावकारी बनाउन विद्यमान स्थानीय सरकार संचालन ऐन २०७४ मा रहेका केही प्रावधानहरूले व्यवधान पुऱ्याइरहेकाले, त्यस्ता प्रावधानहरू संशोधन गरिनेछ ।

(घ) महानगरपालिकाको लागि विस्तृत अधिकार सहित सरकार संचालन गर्ने व्यवस्था हुनेगरी छुट्टै ऐन बनाइनेछ ।

(ङ) जिल्ला समन्वयन समितिको भूमिकाको पुनरावलोकन गरिनेछ ।

**४. प्रदेशको सबलीकरण, सुदृढीकरण मार्फत प्रभावकारी प्रादेशिक संरचना**

(क) प्रदेश सरकारको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक सांगठनिक सुदृढीकरण गरिनेछ । यसका लागि आवश्यक नीतिगत व्यवस्था, मानवीय एवं वित्तीय स्रोतसाधनको पर्याप्तता सुनिश्चित गरिनेछ ।

(ख) प्रदेश लोकसेवा आयोगको गठन गरी प्रदेश तथा स्थानीय तहका लागि आवश्यक मानवीय संसाधनको आपूर्ति सहज बनाइनेछ ।

(ग) प्रादेशिक विश्वविद्यालयहरूको स्थापनाका लागि वैज्ञानिक मापदण्ड तयार गरी गुणस्तरीय उच्च शिक्षा सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।

(घ) प्रदेशका अधिकार क्षेत्रभित्र रहेका विषयहरूमा प्रदेशको भूमिका प्रभावकारी बनाउन संघ सरकारले सहयोगी एवं सहजीकरणको भूमिका निभाउने परिपाटी संस्थागत गरिनेछ ।

(ङ) नीति निर्माणमा प्रदेश सभाका संसदीय समितिहरूको भूमिका प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

(च) प्रदेशमा सुशासन, सामाजिक जवाफदेहिता र सदाचार पद्धतिको विकास गर्न जनलोकपाल (अम्बुड्जमन) को व्यवस्था गरिनेछ ।

(छ) प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गरिनेछ ।

(ज) प्रदेश तहका कर्मचारी संयन्त्रको कार्य सम्पादनको मूल्याङ्कनमा प्रदेश तहबाट प्रवाह गरिने सेवाका सेवाग्राहीको सन्तुष्टिलाई समेत आधार बनाइनेछ ।

(झ) स्थानीय तहको समन्वय, सुपरिवेक्षण तथा क्षमता अभिवृद्धिका लागि प्रदेशको भूमिका मुखरित गरिनेछ ।

**५. स्रोतसाधनको बाँडफाँड-** वित्तीय संघीयताको मान्यताअनुरूप स्रोतसाधनको बाँडफाँट गरिनेछ । संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुँदै आएको रकम गुणात्मक रूपले वृद्धि गरिनेछ । मानव विकास सूचकाङ्कमा पछि परेका प्रदेशहरूको विकासका लागि थप अनुदानको व्यवस्था गरिनेछ ।

**६. प्रभावकारी प्रशासनिक सेवा-** संघीय, प्रादेशिक र स्थानीय तीनै तहका प्रशासनिक सेवालाई प्रभावकारी बनाइनेछ ।

## संघीयताको सुदृढीकरणको प्रतिफल

**राज्यको पुर्नसंरचना र संघीयताको सुदृढीकरणबाट निम्नानुसारको नतिजाहरू प्राप्त हुनेछन् :**

१. राज्यको पुर्नसंरचना र संघीयताको सुदृढीकरणले समग्रमा मुलुकको आर्थिक समाजिक विकासको गति बढाउनेछ । आर्थिक-सामाजिक विकासमा क्षेत्रीय सन्तुलन कायम गर्न मद्दत पुऱ्याउनेछ ।

२. नागरिक सुरक्षा, न्याय र विकासमा आम नागरिकको छिटो पहुँच पुग्नेछ ।यसले राष्ट्रिय एकतालाई मजबूत पार्नेछ ।

### आयाम ३

### १.४.३ समावेशी समानुपातिक सहभागितामूलक लोकतन्त्रको विकास

नेपाली समाज मूलतः बहुराष्ट्रिय समाज हो । मुलुकभित्रका राष्ट्रियताहरूको राजनीतिक मात्र नभएर आर्थिक-सामाजिक क्षेत्रमा समेत प्रत्यक्ष सहभागिता हुने विधि सुरक्षित गर्नका लागि समावेशी समानुपातिक सहभागितामूलक लोकतन्त्रको आवश्यकता छ । यस्तो लोकतन्त्रमा बहुमत समुदायको मात्र नभएर अल्पमत,

अल्पसंख्यक, लोपोन्मुख र सीमान्तकृत समुदायहरूलाई समेत समावेश र प्रतिनिधित्व गराइने छ । यसअन्तर्गत निम्न कार्यहरू गरिनेछन् ।

१. राजनीतिक दलहरूको विभिन्न तहका कार्यकारिणी समितिमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था ऐन बनाएर लागु गरिनेछ ।
२. संघीय र प्रादेशिक मन्त्रीमण्डलहरूमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।
३. राज्यका सम्पूर्ण संरचना, संयन्त्र, सेना, प्रहरी, सार्वजनिक सेवा क्षेत्रहरू र संवैधानिक आयोगहरूमा समानुपातिक समावेशीता लागु हुने व्यवस्था गरिनेछ ।
४. महिला र पुरुषका लागि समान कामको समान ज्यालाको नीति कार्यान्वयन गरिनेछ । साथै, पारिवारिक सम्पत्तिमा संयुक्त धनी पूर्जाको व्यवस्था गरिनेछ । पैतृक सम्पत्तिमा समान अधिकार प्राप्तिको संबैधानिक व्यवस्थालाई कडाईपूर्वक कार्यान्वयन गराइनेछ ।
५. आर्थिक-सामाजिक रूपमा पछाडि रहेका समुदायका सदस्यहरूको क्षमता अन्य समुदायका सदस्यहरूको बराबरी भएमामात्र, समावेशी समानुपातिक सहभागिताको नीति प्रभावकारी हुनेहुनाले ती समुदायको शैक्षिक एवं सिपमूलक क्षमता अभिवृद्धि गराउन विशेष कार्यक्रमहरू संचालन गरिनेछ ।
६. कुनै पनि नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित गरिनेछैन । आमाको नाउँबाट नागरिकता प्राप्त गर्ने प्रक्रिया सहज र सरल गरिनेछ ।

## समावेशी समानुपातिक सहभागितामूलक लोकतन्त्रको प्रतिफल

समावेशी समानुपातिक सहभागितामूलक नीतिको कार्यान्वयनबाट तलका प्रतिफलहरू प्राप्त हुनेछन् ।

१. यसले बहुमत समुदायको मात्र नभएर अल्पमत, अल्पसंख्यक, लोपोन्मुख र सीमान्तकृत समुदायहरूलाई समेत राज्यप्रति उत्तरदायी बनाउनेछ, उनीहरूमा अपनत्वको भाव बढाउनेछ ।
२. समाजमा पछाडी रहेका समुदाय सबैले आत्मसम्मानको महसुस गर्नेछन् ।
३. देशको राजकीय तथा सार्वजनिक मामलामा देशका सम्पूर्ण समुदायहरूलाई नीति निर्माण र कार्यान्वयनमा सहभागिता तथा प्रतिनिधित्वको माध्यमबाट प्राप्त हुने समान अधिकारले राष्ट्रिय एकतालाई मजबुत पार्नेछ ।
४. मानिसको श्रम र सीप नै समृद्धिको आधार भएकाले समाजका सबै समुदायको सहभागिताले देशको छिटो र दिगो विकास तथा समृद्धि सुनिश्चित हुनेछ ।

## आयाम ४

### १.४.४ सुशासन र सदाचार

अहिले नेपालको राज्यव्यवस्था र भ्रष्टाचार पर्यायवाची जस्तै बनेका छन् । नेपालमा उद्यमशील पुँजीवादभन्दा बहुराष्ट्रिय निगमका एजेण्टहरू मार्फत कमिशनखोर पुँजीवाद फष्टाइ रहेको छ । राजनीतिक दल, कर्मचारीतन्त्र र न्यायालय लगायत राज्यका सबै अङ्गहरू यसका बाहक बनेका छन् । तसर्थ भ्रष्टाचारको समग्र अन्त्य गरी राजनीति र सार्वजनिक सेवाको क्षेत्रमा सुशासन र सदाचार मुलुकको आधारभूत लक्ष्य हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहिआएको छ । यसर्थ यस सम्बन्धमा नेसपाले निम्नानुसार नीतिगत तथा कार्यक्रमिक व्यवस्था अबलम्बन गर्नेछ ।

**१. सदाचार ऐनको व्यवस्था-** राज्यको तर्फबाट पूर्ण वा आंशिक पारिश्रामिक पाउने गरी सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले पालन गर्नु पर्ने न्यूनतम आचारसंहिता भएको सदाचार ऐन बनाइनेछ। यसको अनुगमन गर्न कानून बनाई राष्ट्रिय सदाचार आयोग गठन गरिनेछ ।

**२. जनलोकपाल गठन-** उच्च तहका भ्रष्टाचारजन्य घटनाहरूको समेत छानबिन गरी कारबाही गर्न अधिकारसम्पन्न जनलोकपाल (पब्लिक अम्बुड्जमन) को गठन गरिनेछ ।

**३. संवैधानिक आयोग;** विश्वविद्यालय तथा प्रतिष्ठानहरूको पदाधिकारीहरूको नियुक्तिमा दलीय भागबन्डाको अन्त्य गरी पारदर्शी प्रतिस्पर्धात्मक विधि अपनाइनेछ ।

**४. राष्ट्रसेवक कर्मचारीको नियुक्ति लोकसेवाबाट-** कर्मचारी, सेना, प्रहरी, सार्वजनिक संस्थान आदि राज्यकोषबाट पारितोषिक पाउने जुनसुकै सेवा र क्षेत्रमा भर्ना, छनौट र नियुक्तिको अधिकार लोकसेवा आयोगलाई मात्र दिइनेछ ।

**५. राष्ट्रिय योजना आयोगको पुनःसंचरना-** राष्ट्रिय योजना आयोगको पुनःसंरचना गरी समष्टिगत नीति निर्माण र दिशानिर्देश गर्ने अङ्गमा रूपान्तरित गरिनेछ । क्षेत्रगत योजनाहरू निर्माण र कार्यान्वयनमा मन्त्रालयहरू नै जिम्मेवार हुने प्रणाली अवलम्बन गरिनेछ ।

**६. नीति अनुसन्धान प्रतिष्ठानको सवलीकरण-** नीति अनुसन्धान प्रतिष्ठान ऐन बनाई प्रतिष्ठानलाई एक स्वतन्त्र र सबल संस्थाको रूपमा विकास गरिनेछ ।

**७. निजामती सेवा प्रणालीको रूपान्तरण**

(क) निजामति सेवालाई चुस्त दुरूस्त र नागरिक मैत्री बनाउन विद्यमान पद

सोपानमा आधारित कर्मचारी तन्त्रको पुनः संरचना गरी कार्यगत इकाई प्रणालीमा ढालिनेछ र निश्चित अवधिको करार सम्झौताबाट आवश्यक जनशक्ति भर्ना गर्ने पद्धतिको विकास गरिनेछ ।

(ख) नतिजामूलक कार्यसम्पादनको आधारमा कर्मचारीको पदोन्नति तथा पुरष्कृत गर्ने व्यवस्था गरिनेछ । तोकिएको नतिजा हासिल नगर्ने कर्मचारीलाई सेवा मुक्त गरिनेछ ।

(ग) गैर रणनीतिक महत्वका मन्त्रालय, विभाग, कार्यालय र शाखाहरूहरूको समायोजन गरिनेछ । असान्दर्भिक कार्यालयहरू खारेज गरिनेछ । उपयुक्त कर्मचारी संख्या, छरितो प्रशासन, प्रभावकारी कार्यसम्पादन क्षमता र सन्तोषजनक पारिश्रमिक नीतिमा कर्मचारीतन्त्र निर्माण हुनेछ ।

(घ) राज्यका अंग वा निकायबाट हुने कमजोरी, लापरवाही वा हेलचेक्राईबाट नागरिकलाई दुःख वा हानी पुग्न गएमा त्यसको क्षतिपूर्ति माग गर्न सकिने सार्वजनिक हानी क्षतिपूरण ऐन बनाइनेछ । कर्मचारीले गरेका गल्तीको व्यहोरा सच्याउन नागरिकले कुनै दस्तुर तिर्न नपर्ने व्यवस्था मिलाइनेछ ।

(ङ) कर्मचारी, शिक्षक, प्राध्यापक तथा नेपाल सरकारको ५१ प्रतिशत बढी शेयर भएका सार्वजनिक संस्थान लगायत राज्यकोषबाट पारितोषित लिने सबै संस्था र संगठनमा राजनीतिक दलपिच्छेका ट्रेड यूनियनहरू खारेज गरिनेछ । त्यसका ठाउँमा व्यक्ति उम्मेदवार तथा मतदाता हुने विधिमा आधारित एकल ट्रेड यूनियन कायम गरिनेछ ।

**८. न्यायालयको रूपान्तरण**

(क) एकात्मक चरित्रको न्यायालयलाई संघीय संरचना बमोजिम पुनःसंरचना गरिनेछ ।

(ख) संघ तथा प्रदेश तहका न्यायलयहरूमा न्यायधिशहरूको नियुक्ति, सरुवा बढुवाको लागि स्पष्ट वैज्ञानिक मापदण्ड बनाई लागू गरिनेछ ।

(ग) न्याय संपादनलाई समयानुकूल एवं प्रभावकारी बनाई न्यायमा आम नागरिकको सहज पहुँच हुने वातावरण तयार गरिनेछ । यसका लागि मध्यस्तता, अदालत प्रेषित मेलमिलाप तथा सामुदायिक मेलमिलापलाई प्रवर्द्धन गरिनेछ ।

(घ) मेलमिलाप परिषद्को प्रभावकारिता अभिवृद्धि गर्न मेलमिलाप ऐन संशोधन गरी यसको पुनःसंरचना गरिनेछ ।

(ङ) संघीयतासँग सम्बन्धित अधिकारको बाँडफाँड लगायत अन्तर तहगत

विवादहरूको समाधान गर्न साविकको संवैधानिक इजलास प्रभावकारी नदेखिएकोले छुट्टै संवैधानिक अदालतको गठन गरिनेछ ।

(च) न्याय परिषद्को भूमिका प्रभावकारी बनाउन यसको पुनःसंरचना गर्ने व्यवस्था गरिनेछ ।

### ९. निर्वाचन प्रणालीको रूपान्तरण

(क) निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित किसिमले सम्पन्न गर्न निर्वाचन आयोगलाई प्रभावकारी बनाइनेछ । यसका लागि प्रमुख निर्वाचन आयुक्त लगायत अन्य आयुक्तहरूको नियुक्ति त्यस क्षेत्रका विज्ञहरूमध्येबाट छनोट गरिने व्यवस्था गरिनेछ ।

(ख) निजामती सेवा निवृत्त कर्मचारीहरूलाई निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त तथा अन्य आयुक्तमा सेवा निवृत भएको कम्तिमा ३ वर्षको अवधिसम्म नियुक्त नगरिने परिपाटी लागु गरिनेछ ।

(ग) निर्वाचन आयोगलाई निर्वाचनसँग सम्बन्धित कार्यसम्पादन गर्न विशिष्ट सेवाका लागि आफ्नै कर्मचारी संयन्त्र भर्ना गर्ने अधिकार दिइनेछ ।

(घ) निर्वाचन प्रकृयालाई छिटोछरितो र भरपर्दो बनाउन विद्युतीय प्रणाली प्रयोग गरिनेछ ।

### १०. सुरक्षा अंगहरूको पुनःसंरचना

(क) एकात्मक चरित्रको विद्यमान सुरक्षा संयन्त्रलाई संघीय संरचना बमोजिम पुनःसंरचना गरिनेछ । सेना, प्रहरी, सशस्त्र प्रहरी लगायतका सबै सुरक्षा अंगहरूको आधुनिकीकरण गरिनेछ ।

### सुशासन र सदाचारको प्रतिफल

१. आम नागरिकलाई सरकारी सेवा सहजता पूर्वक र न्याय छिटो प्राप्त हुनेछ । यसले नेपाली जनताको सुशासित राज्य, सफा राजनीतिको अपेक्षाको चाहनालाई स्थापित गर्नेछ । यसबाट समग्र देशवासीमा मुलुकप्रति भरोसा बढ्नेछ ।

२. यसले भ्रष्टाचारको अन्त्य गरी विकास र समृद्धिको लागि समुचित वातावरण तयार गर्नेछ ।

३. यसले अन्तर्राष्ट्रिय समुदायबीच नेपालको सम्मान बढाउनेछ । साथै, नेपालको विकास र समृद्धिमा उनीहरूको साथ र सहयोगलाई सहज बनाउनेछ ।

**आयाम ५**

### १.४.५ समतामूलक समृद्धि

नेपाललाई समृद्ध र सुखी मुलुकमा रूपान्तरण गर्नु र त्यसको फल समन्यायिक रूपमा वितरण गर्नु समतामूलक समृद्धि हो । देशको उत्पादकत्व वृद्धि भएन भने समन्यायिक वितरण सम्भव हुन्न । त्यसैले हामीले तीव्र आर्थिक वृद्विको नीतिलाई प्राथमिकतामा राखेका छौं । दोस्रो, देश धनी भए पनि धन, अवसर र सुविधाको समन्यायिक वितरण भएन भने सामाजिक न्यायको लक्ष्य प्राप्त हुँदैन । यसर्थ उत्पादकत्वको वृद्धिसँगै नागरिकहरूका बीच अवसरमा समानता र धन सम्पत्तिको समन्यायिक वितरण हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।

तेस्रो, मुलुकको दीगो विकास वातावरणीय संरक्षण विना संभव हुँदैन । यसको साथै चौथो, आफू सुखी र खुसी हुने परिवेशले मात्र सभ्य समाज बनाउन योगदान गर्दछ । यी चार आयामहरूको जोडलाई नेपाल समाजवादी पार्टीले समतामूलक समृद्धिको रूपमा परिभाषित गरेको छ । यो अवधारणाको ठोस प्रयोगबाट छोटो समयमा नै आर्थिक-सामाजिक रूपले मुलुकको रूपान्तरण हुनेछ । हामी नेपाली समृद्ध बन्नेछौं । मुलुकमा समतामूलक समृद्धि कसरी प्राप्त हुनसक्छ भन्ने बारेको विस्तृत चर्चा खण्ड २ मा गरिएको छ ।

### १.५ नेपाल समाजवादी पार्टी: अन्य पार्टीहरूभन्दा फरक के ?

माथि भनिएझैं राजनीतिक पार्टीद्वारा गरिने राज्य संचालनले मुलुकभित्रका समस्याहरूको समाधान दिनसक्नु पर्दछ । यसरी मात्र समृद्ध नेपालको स्थापना गर्न सकिन्छ । यसका लागि आवश्यक वैज्ञानिक अवधारणा, वैचारिक स्पष्टता, योजना र कार्यक्रम नेपाल समाजवादी पार्टीसँग छ । यसरी मुलुकलाई समृद्ध बनाउने विषयमा नै हामी अन्य पार्टीहरूभन्दा फरक र स्पष्ट छौं ।

## विकास र समृद्धिमा नेपाल समाजवादी पार्टी

१. प्रगतिशील राष्ट्रवादमा आधारित स्वाधीनता, सुदृण सङ्घीय शासन प्रणाली, समावेशी समानुपातिक र सहभागितामूलक लोकतन्त्र, सुशासन र सदाचार सहितको समतामूलक समृद्धिको अवधारणा अनुरूप मुलुकको विकास गर्नुपर्दछ भन्ने धारणा हाम्रो हो ।

२. अरु पार्टीहरूले सर्प झैं घस्रिने वा मोटर झैं गुड्ने गतिमा मुलुकको क्रमिक

विकासको कुरा गरेका छन् भने नेपाल समाजवादी पार्टीले नेपाली इतिहासको यो विशिष्ट घडीमा भ्यागुतो भ्रैं उफ्रने वा हवाइजहाज भ्रैं उडान भर्ने (Take–off) वा छलाङ्ग हान्ने प्रकृतिको गुणात्मक विकासको कुरा गरिरहेकोछ । विश्व आज चौथो औद्योगिक क्रान्तिको चरणमा पुगेको चर्चा गरिँदैछ भने हाम्रो देश नेपालले चाहिँ अझै पहिलो औद्योगिक क्रान्ति (अथवा आधारभूत श्रमको यान्त्रिकीकरण) पनि पूरा गर्न सकेको छैन । त्यसैले हामी केही दशक सम्पूर्ण शक्ति केन्द्रित गरेर राष्ट्रिय औद्योगिक क्रान्ति सम्पन्न गर्न चाहन्छौं । हामीलाई तीन वटा औद्योगिक क्रान्तिको चरण पार गर्ने समय छैन र अब त्यो सम्भव वा आवश्यक पनि छैन । त्यसैले अब हामीले एकैचोटि चार वटै औद्योगिक क्रान्तिहरू पार गर्ने अत्यन्त तीब्र र मौलिक विकासको बाटो खोज्नेछौं ।

३. मुलुक भित्र उपलब्ध बस्तु तथा सेवाको समन्यायिक वितरण, दिगो विकासका लागि वातावरणीय संरक्षण र मानवीय खुसी प्राप्त गर्ने वैज्ञानिक पद्धति सहितको हरित विकास र आलोचनात्मक आधुनिकतावादको अर्थ राजनीतिक मार्ग अनुसरण गर्नेछौं ।

# खण्ड २
# समतामूलक समृद्धि

## २.१ समतामूलक समृद्धिको अवधारणा

मुलुकको समग्र विकास अर्थात समतामूलक समृद्धिलाई नेपाल समाजवादी पार्टीले पहिलो खण्डमा दिइएअनुसार मूलतः चारवटा आयामबाट हेर्दछः तीव्र आर्थिक वृद्धि, समन्यायिक वितरण, पर्यावरणीय दीगोपन र मानवीय खुसी ।

**समतामूलक समृद्धि=तीव्र आर्थिक वृद्धि + समन्यायिक वितरण + पर्यावरणीय दिगोपन+ मानवीय खुसी**

### १. तीव्र आर्थिक वृद्धि

विकास भनेको मानवीय उपभोगकालागि भौतिक बस्तु र सेवाको प्रचुरता हो । यसको लागि कृषि एवं औद्योगिक क्षेत्रका विकास मार्फत देशवाशीलाई चाहिने वस्तुहरू र सेवाको उत्पादनमा मुलुक आत्मनिर्भर/अन्तरनिर्भर हुनुपर्दछ। नेपालको सन्दर्भमा दुई दशकसम्म दोहोरो अंकमा गरिने तीव्र आर्थिक वृद्धिद्वारा मात्र यो हासिल हुनसक्दछ ।

### २. समन्यायिक वितरण

विकासले केही मान्छेलाई मात्र धनी बनाउने नभएर समाजका सबै वर्ग, जाति, क्षेत्र, लिंग, समुदायलाई धनी बनाउने अवसर सृजना गर्नुपर्दछ।

### ३. दीगो विकास

विकासले वातावरणीय विनाश हैन, दीगो विकासको पक्षपोक्षण गर्नुपर्दछ। यो भनेको वातावरणीय संरक्षण तथा प्राकृतिक सम्पदाको उपभोगमा अत्यन्त जिम्मेवार र वैज्ञानिक नीति अवलम्बन गर्ने हो ।

### ४. मानवीय विकास

विकास उपयोगितावादी र उपभोक्तावादी मात्र बनाउने हुनुहुदैन। यो आफू सुखी, खुसी हुने र परस्पर आत्मसम्मानमा आधारित सभ्य समाज बनाउन योगदान गर्ने प्रकृतिको हुनुपर्दछ।

## २.२ समतामूलक समृद्धिका आयामहरू लक्षित कार्यक्रमहरू

### आयाम १

**२.२.१ तीव्र आर्थिक वृद्धि -** रोजगारीसहितको अन्तरनिर्भर अर्थतन्त्रको निर्माण

राष्ट्रिय पुँजीवादी विकासको अभावले नेपाल अहिले दुईवटा पेचिला परिवेशबाट गुज्रीरहेको छ। पहिलो परनिर्भर अर्थतन्त्र, दोस्रो युवा बेरोजगारी। अहिले हामी युवा शक्ति निर्यात गरी विदेशी मुद्रा आयात गरिरहेका छौं। त्यही आयातित मुद्राबाट खाद्यान्न, पेट्रोलियम पदार्थ लगायत अन्य उपभोग्य बस्तुहरूको फेरि विदेशबाट नै आयात गरेर गुजारा चलाइरहेका छौं। आफ्नै मुलुक भित्र उपलब्ध प्राकृतिक तथा मानवीय संसाधनको समुचित प्रयोगले मात्र आजका विश्वका विकसित मुलुकहरू समृद्धको शिखरमा पुग्न सकेका हुन्।

हाम्रो मुलुकमा पनि योजनाबद्ध रूपमा गरिने पूर्वाधारहरूको विकास, कृषि तथा पशुपालन, औद्योगिक तथा सेवा क्षेत्रको गुणस्तरीय विकासबाट मुलुकमा तीव्र आर्थिक वृद्धि गराई, रोजगारी सहितको अन्तरनिर्भर अर्थतन्त्र निर्माण हुनसक्छ। यसका लागि सरकारी, सहकारी र निजी क्षेत्रको समन्वयात्मक तथा क्रियाशील भूमिका हुनुपर्दछ। देशमा नयाँ आर्थिक क्रान्तिको लहर ल्याउन हामीले सबै विकास विरोधी पुराना सोच, शैली, नियम कानून र प्रणालीलाई निर्ममतापूर्वक भत्काएर नयाँले विस्थापन गर्नैपर्छ। आर्थिक रूपान्तरणको सन्दर्भमा हाम्रा ५ विशेष प्रतिबद्धताहरू तालिका २.१ मा राखिएकोछ। साथै, आत्मनिर्भर/अन्तरनिर्भर अर्थतन्त्र निर्माणका ठोस कार्यक्रमहरूको छोटो चर्चा गरिइएको छ।

**तालिका २.१ आर्थिक रूपान्तरणका लागि हाम्रा ५ विशेष प्रतिबद्धताहरू**

**प्रतिबद्धता १ - आर्थिक क्रान्तिको रणनीति तयार**

१. विश्वभर र नेपालका सर्वश्रेष्ठ विकास विज्ञहरूको सहयोग र निजी क्षेत्र समेतको सहभागितामा नेपालमा तीव्र आर्थिक क्रान्तिको रणनीतिक योजना तयार गरिनेछ। साथै, त्यसका निम्ति आवश्यक नीतिगत, कानूनी, संस्थागत परिवर्तनको कार्ययोजना बनाएर कडाइपूर्वक कार्यान्वयन गरिनेछ।

**प्रतिबद्धता २ - लगानी आकर्षण नीति**

१. भारत, चीन लगायत अन्य विकसित देशहरूसँग विप्पा (द्यक्षएएब) सम्झौता गरिनेछ। विश्वभरिका लगानीकर्ताहरूलाई आकर्षक सुविधाको घोषणा सहित स्वागत गरिनेछ। प्रमुख औद्योगिक मुलुकहरूमा लगानी सम्मेलन गरेर

लगानीकर्ताहरू आकर्षित गरिनेछ ।

२. नेपाल लगानी बोर्डलाई विश्व लगानीकर्ता समन्वय संस्थाका रूपमा रूपान्तरण गरिनेछ र उनीहरूलाई नेपाल र विश्वका लगानीकर्तासँग प्रभावकारी संवाद गर्ने अधिकार प्रदान गरिनेछ ।

३. दुई ठूला अर्थतन्त्र चीन र भारतका बीचमा रहेको नेपालको भू-राजनीतिक अवस्थितिबाट फाइदा हुने ठूला योजनामा लगानी गर्न ग्लोबल लगानी कोषको खोजी गरिनेछ र आवश्यक सहजीकरण गरिनेछ ।

४. स्वदेशी र विदेशी लगानीकर्ताहरूलाई सहज हुने गरी कम्पनी ऐन, औद्योगिक उद्यमशीलता ऐन, विदेशी लगानी ऐनको प्रस्ताव तयार गर्न नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परीसंघ लगायतका निजी क्षेत्रका संघ-संस्थाहरूलाई संलग्न गराइनेछ ।

५. गैर-आवासीय नेपालीहरूको ज्ञान, सीप, धन आकर्षित गरी स्वदेशमा लगानी भित्राउन विशेष सुविधाहरूको व्यवस्था गरिनेछ ।

**प्रतिबद्धता ३ - विकासमैत्री वातावरण निर्माण**

१. कर प्रणालीलाई प्रगतिशील बनाइनेछ । अर्थात् धेरै सम्पत्ति हुने, धेरै कमाई गर्नेलाई धेरै, थोरै हुनेलाई थोरै कर लाग्ने व्यवस्था गरिनेछ ।

२. भन्सार महशुल, अन्तशुल्क, आन्तरिक कर र मूल्य अभिवृद्धि करको वैज्ञानिक समायोजन गरिनेछ ।

३. कर छली र भ्रष्टाचारबिरुद्ध शून्य सहनशीलता र आक्रामक कारवाही रणनीति अवलम्बन गरिनेछ ।

४. सरकारी कार्यालयहरू र कर्मचारीहरूलाई परिणाममुखी बनाउन कार्यसम्पादन करार प्रणाली लगायत अन्य रचनात्मक कार्यप्रणाली अपनाइनेछ ।

५. मन्दिर, गुठी, विश्वविद्यालय, स्कुल, खोला, पर्ती आदि जमीन अनुत्पादक छोडिएको भए राज्यले नियन्त्रणमा लिई उत्पादनशील प्रस्ताव आव्हान गरी लिजमा दिन सकिने व्यवस्था गरिनेछ। जग्गा प्राप्ति ऐनलाई आवश्यक संशोधन गरी थप लगानीमैत्री र विकासमैत्री बनाइनेछ ।

६. श्रमिक र लगानीकर्ताहरूबीच सुसम्बन्ध कायम गर्दै औद्योगिक शान्ति कायम गर्न विशेष व्यवस्था गरिनेछ ।

**प्रतिबद्धता ४ - उद्यमशीलता प्रवर्द्धन**

१. उद्यमशीलता प्रवर्द्धन गर्न देशमा विश्वस्तरको आविष्कार केन्द्र तथा सबै प्रदेशहरूमा पुनरुत्थान केन्द्रहरूको स्थापना गरिनेछ । भविष्यको नगद प्रवाह सम्भावनाका आधारमा इच्छुक व्यवसायीहरूलाई बैंकहरूबाट विना धितो ऋणको व्यवस्था मिलाइनेछ

२. युवा तथा नयाँ आविष्कारकहरूको योजना वा सोच चोरी हुन नसक्ने गरी प्रतिलिपी अधिकार तथा बौद्धिक सम्पत्ति अधिकार ऐनको संशोधन गरिनेछ ।

३. विश्व बजारमा प्रतिस्पर्धी हुने ढंगले नेपाली युवाहरूलाई प्रशिक्षित गरिनेछ ।

**प्रतिबद्धता ५ - वैदेशिक रोजगारी र विशेष लगानी कोष**

१. स्वदेशमा नै उत्पादनशील रोजगारी वृद्धि गर्दै जाने कुरामा जोड दिँदै तत्काल वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको सीप, ज्ञान तथा क्षमता अभिवृद्धि गर्ने योजना लागू गरिनेछ ।

२. विदेशबाट फर्किएर नेपालमा आएर काम गर्नेहरूका लागि विशेष सुविधा योजना बनाई कार्यान्वयन गरिनेछ ।

३. प्रत्येक गाउँपालिका/नगरपालिकामा विप्रेषणबाट आउने रकम सञ्चित गरी लगानी गर्ने विशेष कोषको निर्माण गरिनेछ ।

## अ. आत्मनिर्भर/अन्तरनिर्भर अर्थतन्त्रको निर्माण लक्षित कार्यक्रमहरू

आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि नेपाल समाजवादी पार्टी सरकारमा पुग्दा निम्नानुसारका कार्यक्रमहरू लागु गर्नेछ ।

### क. खाद्यान्नमा आत्मनिर्भर नेपाल

कृषि कार्यले छिटो प्रतिफल दिने, धेरैलाई रोजगारी दिने, ठूलो पुँजी लगानी गर्नु नपर्ने, विशेष सिपयुक्त कामदार नचाहिने, औद्योगिक क्षेत्रको लागि आवश्यक कच्चा पदार्थ उत्पादन गर्ने र मौजुदा कृषिजन्य आयात घटाई मुलुकको बजेट घाटा घटाउने भएकाले कृषि क्षेत्रको विकासलाई नेपाल समाजवादी पार्टीले विकासको पहिलो प्राथमिकताको क्षेत्रमा राखेको छ । त्यसैले, वैज्ञानिक भूमिसुधार, यान्त्रीकरण, आधुनिकीकरण र व्यवसायीकरणका कार्यक्रमहरू मार्फत ५ वर्षमा नेपाललाई कृषि तथा पशुजन्य खाद्यान्नमा आत्मनिर्भर बनाइने उद्देश्य यस पार्टीको छ । यस अन्तर्गत निम्न कार्यक्रमहरू रहनेछन् ।

(१) कृषि विकासको निम्ति सबभन्दा महत्वपूर्ण प्राकृतिक साधन जमिनको दुरूपयोग

रोक्न र न्यायोचित वितरण गर्न विगतका भूमिसुधार आयोगका प्रतिवेदनहरू समेतलाई आधार बनाउँदै वैज्ञानिक भूमिसुधार कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।

(२) तराई मधेशमा ठुलो सिँचाई आयोजनाहरू र पहाडमा मध्यम तथा साना सिँचाई आयोजनाहरू तीव्र रूपमा कार्यान्वयन गरेर सबै खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउन उच्च प्राथमिकता दिइनेछ ।

(३) **उत्पादन अनुरूप अनुदान कार्यक्रम-** सामुहिक तथा व्यवसायिक कृषि एवं पशुपालन, उत्पादित बस्तुहरूको प्रशोधन एवं भण्डारण, कृषिजन्य उद्योग सञ्चालन जस्ता कार्यहरू गर्न चाहने उद्यमीहरूलाई ५ प्रतिशत ब्याजदरमा ऋण लिन पाउने, उत्पादन अनुरूप ब्याज मिनाह र अतिरिक्त उत्पादनमा प्रोत्साहन अनुदान दिने व्यवस्था गरिनेछ ।

(४) **सुनिश्चित बजार कार्यक्रम**- कृषि तथा पशुजन्य उत्पादनलाई उत्पादन कर्ताले चाहेमा न्यायोचित तवरले तोकिएको मूल्यमा नजिकको गाउँ/नगरपालिकाको कृषि व्यवस्थापन केन्द्रमा सरकारले खरिद गर्नै पर्ने व्यवस्था गरिनेछ ।

(५) **कृषि तथा पशु बीमा कार्यक्रम-** कृषिजन्य कार्यहरू सबैमा प्रभावकारी बीमा कार्यक्रम मार्फत लगानी सुरक्षित गरिनेछ ।

(६) स्थानीय सरकार मार्फत कृषकलाई समयमानै मल तथा गुणस्तरीय बीउविजन उपलब्ध गराइनेछ ।

**ख. ऊर्जामा अन्तरनिर्भर नेपाल**

प्रशस्त जलविद्युत उत्पादन, आवश्यक प्रसारण लाईनको निर्माण र विद्युत व्यपार मार्फत आगामी १० वर्षमा नेपाललाई नेट जिरो इनर्जी इम्पोर्ट कन्ट्रिको रूपमा पुऱ्याइनेछ ।

**(१) जलविद्युत उत्पादन तथा व्यापार कार्यक्रम**

(क) ठूला जलाशययुक्त जलविद्युत परियोजनाहरूको निर्माण संघीय सरकार मार्फत, मझौला जलाशययुक्त तथा ठूला अर्ध-जलाशययुक्त आयोजनाहरू प्रदेश सरकार र अन्य आयोजनाहरू निजी क्षेत्रबाट निर्माण गरी आन्तरिक खपतका लागि पर्याप्त हुनेगरी र बचेको बिद्युत निर्यात गर्न समेत सकिने गरी जलविद्युत उत्पादन गरिनेछ । साथै, हाइड्रोजन ऊर्जाको विकासमा यथेष्ठ ध्यान दिइनेछ ।

(ख) अन्तरदेशीय, पूर्व पश्चिम र मध्य पहाडी लोकमार्गको समानान्तर तथा कर्णाली,

गण्डकी र कोशी कोरिडोरहरूमा उच्च भोल्टेजका प्रसारण लाइनको निर्माण गरी छिमेकी मुलुकहरूमा विद्युतीय ऊर्जा निर्यात गरिनेछ।

(२) **वैकल्पिक ऊर्जा विकास कार्यक्रम-** जलविद्युतको साथै सौर्य, वायु ऊर्जा जस्ता वैकल्पिक ऊर्जा विकासलाई पनि समानान्तर रूपले अगाडि बढाइनेछ।

**(३) विद्युतीय चुलो, विद्युती यातायात- स्वस्थ्यकर भान्छा, प्रदुषण मुक्त सहर कार्यक्रम** एलपी सिलिण्डरको सट्टा विद्युतीय चुलो र पेट्रोल/डिजेल गाडीलाई विद्युतीय सवारी साधनमा रूपान्तरित गर्ने सहज वातावरण मिलाइनेछ। यसका लागि नेपाली सबैको घरमा ३ वर्ष भित्र बिजुली पुऱ्याइनेछ, देशभरि गाडी चार्जीङ गर्न सकिने गरी चार्जीङ स्टेशनहरू स्थापना गरिनेछ।

**ग. औद्योगिक क्षेत्रको उत्थान/पुनःउत्थानमा नेपाल**

मुलुकको तीव्र आर्थिक विकासको लागि औद्योगिक विकास हुनैपर्दछ। यसका लागि हाल अनुत्पादक क्षेत्रमा लगानी भइरहेको पुँजीलाई उत्पादनशील औद्योगिक क्षेत्रमा आकर्षित गर्न विशेष वित्तीय, मौद्रिक लगायत अन्य आवश्यक नीतिहरूको निर्माण तथा अनुसरण गरिनेछ। गतिशील औद्योगिक विकासका निम्ति आवश्यक पुँजी, बजार, श्रमसम्बन्ध, शान्तिसुरक्षा कायम तथा नियम कानून निर्माण र प्रशासनिक सहजता कायम गरिनेछ।

(१) बन्द भएका उद्योगहरूको पुनःस्थापना कार्यक्रम- नेपालमा बन्द भएका कपडा, कृषिऔजार, कागज जस्ता उद्योगहरू मध्ये संभव देखिने उद्योगहरूको पुनस्थापना गरिनेछ। सहकारी तथा निजी क्षेत्रलाई लघु, साना तथा मझौला उद्योगहरूमा आकर्षित गर्न वित्तीय पहुँच, दर्ता तथा कर प्रणालीलाई सहज बनाइनेछ।

(२) आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन उद्योगहरूको स्थापना कार्यक्रम- विश्व वजारमा प्रतिस्पर्धी गुणस्तरीय वस्तु उत्पादन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न सकिने वस्तुहरूको उत्पादन गर्ने प्रकृतिका उद्योगहरूको विकासमा विशेष जोड दिइनेछ। अन्तर्राष्ट्रिय ख्यातिप्राप्त औद्योगिक कम्पनीहरूलाई नेपालमा ठूलाठूला उद्योगहरू स्थापन गर्न र उत्पादित बस्तुहरू अन्य मुलुकहरू विशेषतः भारत र चीनतर्फ निर्यात गर्न विशेष प्रोत्साहन गरिनेछ।

**घ. वनजंगल तथा जडिबुटीको वैज्ञानिक प्रयोगमा नेपाल**

हाल एकातिर आफ्नो बनजंगलमा काठहरू कुहिएर गएका छन् भने अर्को तर्फ हामी

अर्बौं रूपैयाँका काठहरू विभिन्न प्रयोजनका लागि विदेशबाट आयात गरिरहेका छौं । त्यसैगरी गैरकाष्ठजन्य बनस्तपतिहरू तथा जडीबुटीहरूको मूल्यअभिवृद्धि हुन सकिरहेको छैन । नेपालमा उपलब्ध वनजंगल तथा जडिबुटीको निम्नानुसार वैज्ञानिक उपयोग गरिनेछ ।

(१) **काष्ठखेती तथा उपयोग कार्यक्रम-** फर्निचर तथा अन्य निर्माणका कार्यमा नेपालकै काठ प्रयोग गर्ने तथा निर्यातजन्य काष्ठ उत्पादन गर्न सकिने बनजंगल तयार गरेर काठजन्य आयात घटाउने तथा निर्यात बढाउने वातावरण तयार गरिनेछ ।

(२) **गैरकाष्ठ तथा जडिबुटी खेती तथा उपयोग कार्यक्रम -** अन्तर्राष्ट्रिय बजारमा विक्री हुनसक्ने गुणस्तरीय श्रृंगारका सामानहरू उत्पादन गर्ने कार्यक्रम ल्याइनेछ । अत्याधुनिक जडीबुटी प्रशोधन केन्द्रहरूको स्थापना तथा औषधि उद्योगहरूलाई चाहिने जडिबुटी मुलुकभित्रनै उत्पादन गर्ने नीति अख्तियार गरिनेछ ।

### ङ. पर्यटन प्रबर्द्धन मार्फत विदेशी मुद्रा आर्जनमा नेपाल

नेपालको पर्यटन क्षेत्र रोजगारीको लागि मात्र नभएर वैदेशिक मुद्रा आर्जन गर्ने एक आधार स्तम्भ हुनसक्छ । यसका लागि निम्न कार्यक्रमहरूलाई प्राथमिकतामा राखिनेछ ।

(१) **पर्यटन केन्द्रहरूको विकास कार्यक्रम-** जलविहार, हिमाली, ऐतिहासिक-धार्मिक-साँस्कृतिक क्षेत्र जस्ता पर्यटन केन्द्रको रूपमा प्रवर्द्धन गर्न सकिने २० वटा महत्वपूर्ण स्थानहरूलाई सरकारी-निजी साझेदारी मोडेलमा विशेष पर्यटकीय क्षेत्रहरूको रूपमा विकास गरिनेछ । चीन र भारत जस्ता ठूला देश र अर्थतन्त्रहरूको बीच रहेको सामरिक अवस्थिति र विविधतापूर्ण हावापानीको लाभ लिँदै नेपाललाई अन्तर्राष्ट्रिय व्यावसायिक, खेलकूद, शैक्षिक र स्वास्थ्य पर्यटन केन्द्रको रूपमा विकास गरिनेछ ।

(२) **गुणस्तरीय पर्यटन सेवा तथा सुरक्षा कार्यक्रम-** पदयात्रा पर्यटनको विकासमा विशेष ध्यान दिइनेछ। त्यसैगरी पर्यटन विकासका लागि होटल सञ्चालन, तालिमप्राप्त पर्यटक गाइडको उत्पादन, पर्यटकको सुरक्षाका लागि पर्यटन प्रहरी, जोखिमपूर्ण पर्यटन क्षेत्रमा जाने पर्यटकहरूका लागि द्रुत उद्धार युनिटको प्रबन्ध गरिनेछ ।

### च. विज्ञान र प्रविधिको प्रयोग र अनुसन्धान युगमा नेपाल

आजको युगमा सूचना तथा सञ्चार, अनुसन्धान, विज्ञान तथा प्रविधिको विकास आर्थिक-सामाजिक विकासका मूल तत्वहरू (Driving Forces) हुन पुगेका छन् ।

यसर्थ आर्थिक उत्पादनका सबै क्षेत्रहरूको उत्पादकत्व बढाउन सूचना-सञ्चार, विज्ञान तथा प्रविधिको भरपूर प्रयोग गरिनेछ । यस सन्दर्भमा निम्नानुसारका कार्यक्रमहरू संचालन गरिनेछ ।

(१) **अनुसन्धान केन्द्रहरूको सशक्तीकरण-** नास्ट, नार्क, राष्ट्रिय अनुसन्धान केन्द्रहरू जस्ता विज्ञान, प्रविधिको विकास तथा अनुसन्धानमा लाग्ने संस्थाहरूको सशक्तीकरण गरिनेछ । न्यानो टेक्नोलोजि, बायोटेक्नोलोजी, स्पेस टेक्नोलोजीको विकासलाई प्राथमिकतामा राखिनेछ। अनुसन्धान, विज्ञान तथा प्रविधि विकासमा आगामी ५, १५ र २५ वर्षमा कुल गार्हस्थ आयको क्रमशः १, २ र ३ प्रतिशत लगानी पुऱ्याइनेछ ।

(२) **समन्वयात्मक अनुसन्धान-** औद्योगिक क्षेत्र र अनुसन्धान गर्ने विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरूलाई समन्वयमा अनुसन्धान गरिने व्यवस्था मिलाइनेछ । साथै, विदेशमा रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकहरूसँग सहकार्य गरी अनुसन्धान गर्ने वातावरण सिर्जना गरिनेछ। विदेशमा रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकहरूलाई नेपालमा फर्केर योगदान दिने वातावरण प्राथमिकताका साथ बनाइनेछ ।

(आ) द्रुत आर्थिक विकासका लागि रणनैतिक पूर्वाधारहरूको गुणस्तरीय विकासमा नेपाल

**क. भौतिक पूर्वाधार-गुणस्तरीय यातायात**

(१) लोकमार्गहरूको निर्माण तथा स्तरोन्नति कार्यक्रम- काठमाडौं-तराई फाष्टट्र्याक, पूर्व पश्चिम लोकमार्ग (एसियाली लोकमार्ग) मध्यपहाडी लोकमार्ग, तथा तराई-मधेशको हुलाकी लोकमार्गहरू, चीन र भारतको बीचमा गतिशील पुल बन्न सहयोग पुग्ने सेती-महाकाली, कर्णाली, गण्डकी र कोशी लोकमार्गहरूको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप निर्माण/स्तरोन्नति गर्न उच्च प्राथमिकता दिइनेछ ।

(२) सहज यातायात सेवा कार्यक्रम- जिल्ला सदरमुकाम तथा पालिका सदरमुकाम जोड्ने आन्तरिक सडक तथा यातायातका पूर्वाधारहरूलाई गुणस्तरीय रूपमा सम्पन्न गर्न विशेष ध्यान दिइनेछ ।

(३) विमानस्थलहरूको आधुनिकीकरण कार्यक्रम- काठमाडौं एयरपोर्टलगायतका मूख्य मूख्य विमानस्थलहरू अत्याधुनिक सुविधायुक्त अन्तर्राष्ट्रिय स्तरको विमानस्थलमा स्तरोन्नति गरिनेछ । साथै, निजगढमा अत्याधुनिक सुविधायुक्त अन्तर्राष्ट्रिय स्तरको विमानस्थल निर्माण गर्न उच्च प्राथमिकता दिइनेछ ।

(४) **सिंचाइ विकास कार्यक्रम-** कृषि उत्पादनमा सिंचाइको महत्वपूर्ण योगदान हुने हुनाले मुलुकका सबै खेतीयोग्य जमीनमा सिंचाइ सुविधा पुऱ्याउन विशेष जोड दिइनेछ।

यस सन्दर्भमा तमोर-मोरङ डाइभर्सन, सुनकोशी-कमला डाइभर्सन, सुनकोशी-मरिन डाइभर्सन, भेरी-बबई डाइभर्सन, कालीगण्डकी-तिनाउ डाइभर्सनलगायतका नदी डाइभर्सन कार्य प्राथमिकताका साथ अघि बढाइनेछ ।

**ख. योजनाबद्ध बस्ती विकास**

सबै महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूको विकासको विस्तृत गुरु योजना बनाएर योजनाबद्ध विकास गरिनेछ । जसअनुसार निम्नानुसारका योजनाहरूलाई प्राथमिकतामा राखिनेछ ।

१. शहर उन्मुख बजार-स्वच्छ पानी, सफा शहर कार्यक्रम- हरेक नगरपालिकामा शहरउन्मुख बजारक्षेत्रमा ५० वर्षलाई पुग्ने क्षमताका पानी प्रशोधन तथा वितरण केन्द्रहरू, ढल प्रशोधन केन्द्रहरू राखिनेछ । साथै, फोहर व्यवस्थापन गर्न डम्पिङ साइटहरूको व्यवस्था गरिनेछ ।

२. भू-उपयोग योजना आधारित व्यवस्थित वस्ती - हरेक नगरपालिकामा निजी आवास, व्यापारिक केन्द्रहरू, यथेस्ट खुला क्षेत्र, पार्क तथा खेल्ने मैदानहरूको विकास भू-उपयोग योजना अनुरूप गरिनेछ । एकिकृत वस्ती विकासलाई प्राथमिकता दिइनेछ ।

३. छरिएका बस्तीहरूमा भएका पालिकाहरूमा एकीकृत बस्ती विकास कार्यक्रम योजनाबद्ध ढङ्गले अघि बढाइनेछ ।

**ग. सामाजिक पूर्वाधार- गुणस्तरीय प्राविधिक शिक्षा**

दक्ष जनशक्ति आर्थिक विकास र समृद्धिको ड्राइभर भएकाले नेपालको लामो समयदेखि थला पर्दै गएको शिक्षा प्रणालीलाई जगैदेखि रूपान्तरण गरिनेछ। विद्यमान द्वैध शिक्षा प्रणालीको अन्त्य गरी शिक्षालाई पूर्ण राज्यको दायित्वमा ल्याइनेछ। यस अन्तर्गत निम्न कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ :

(१) **व्यावहारिक शिक्षा नीति लागु कार्यक्रमः** मुलुकका सबै विद्यालय, क्याम्पस र विश्वविद्यालयहरूमा आधुनिक, वैज्ञानिक तथा व्यवहारिक शिक्षा दिइने नीति लागू गरिनेछ ।

(२) **प्राविधिक ईन्स्टीच्यूटहरूको स्थापना**-अमेरिकाको एमआइटी, थाइल्याण्डको एआइटी, भारतको आईआईटी जस्ता दक्ष प्राविधिकहरू उत्पादन गर्ने अन्तर्राष्ट्रिय स्तरका हरेक प्रदेशमा एक/एकवटा प्राविधिक ईन्स्टीच्यूटहरूको स्थापना गरिनेछ । त्यसैगरी प्रादेशिक कृषि तथा पशु विज्ञान विश्वविद्यालयहरू हरेक प्रदेशमा खोलिनेछ ।

(३) **शैक्षिक सशक्तीकरण कार्यक्रम**- प्रत्येक ३ वर्षमा १ पटक भाग लिन पाउने गरी सबै शिक्षक तथा प्राध्यापकहरूको लागि पढाइका विषयवस्तुमा पुनः ताजगी, अध्ययन अध्यापनमा आधुनिक प्रविधिहरूको प्रयोग, प्रभावकारी कक्षा सञ्चालन विधि, ई-टेक्नोलोजीको प्रयोग जस्ता विषयहरूमा क्षमता अभिवृद्धि हुने तालिमका कार्यक्रमहरू राखिनेछ ।

(४) **रोजगार-स्वरोजगारमूलक शिक्षा कार्यक्रम**- स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीले अनिवार्य रूपमा आफ्नो विषयसँग सम्बन्धित क्षेत्रमा ३ महिने इन्टर्नसिप गर्नुपर्ने विशेष व्यवस्था मिलाइनेछ ।

## घ. आर्थिक पूर्वाधार - बैंक तथा वित्तीय संस्थामा सहज पहुँच

उद्यमीहरूहरूलाई उत्पादन मूलक क्षेत्रमा लगानी तथा सबै नागरिकलाई आर्थिक कारोवारमा सहजता प्रदान भएमा मात्र अर्थतन्त्र गतिशील हुन्छ । यसर्थ नेपाली सबैलाई बैंक तथा वित्तीय संस्थामा सहज पहुँच पुऱ्याउन निम्नानुसार व्यवस्था गरिनेछ :

(१) **बैंकिङ सेवा र बिमामा पहुँच-** हरेक स्थानीय तहमा वाणिज्य बैंकको कम्तिमा एक शाखा पुऱ्याउने व्यवस्था गरिनेछ । साथै सहजरूपमा बीमा सेवा उपलव्ध हुने व्यवस्था गरिनेछ । बीमाको पहुँच बढाउँदै पुनःबीमा कम्पनीको वित्तीय क्षमता बढाइनेछ । सबै सहकारी संस्थाहरूलाई समेत बीमामा आबद्ध गरिनेछ । बचत तथा ऋृण सहकारीको प्रभावकारी नियमन र सुपरिवेक्षणको लागि बचत तथा ऋृण ऐन निर्माण गरिनेछ ।

(२) **अनलाइन सरकारी कारोबार-** सरकारी कारोबारमा पूर्णतया अनलाइन प्रणाली लागू गरिनेछ ।

## ङ. लगानीमैत्री वातावरण निर्माण

माथि उल्लेखित कार्यक्रमहरू मार्फत रोजगारी सहितको आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न उच्च लगानी र त्यसको निरन्तरता जरुरी हुन्छ । यसका लागि कूल गार्हस्थ उत्पादनको ३५-४० प्रतिशत उत्पादन मूलक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ । यसर्थ नेपालभित्र र बाहिर रहेका नेपाली तथा विदेशी लगानीलाई आकर्षित गर्न आर्थिक रूपान्तरणका लागि तालिका २.१ मा गरिएका प्रतिबद्धताहरू पूरा गरी लगानी मैत्री वातावरण निर्माण गरिनेछ ।

नेपालीहरूको आम्दानीलाई बचत गर्न प्रोत्साहन गर्ने र उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरणले निजी क्षेत्रको उत्पादन मूलक कार्यमा लगानी यथेष्ट मात्रमा बढाउने छ। साथै, विदेशी प्रत्यक्ष लगानी पनि नेपाल भित्रनेछ। लगानीका स्रोतहरू र कुल गार्हस्थ उत्पादनमा उनीहरूको अनुमानित योगदान (प्रतिशत) तल तालिका २.२ मा दिइएको छ।

**तालिका २.२ लगानीका स्रोतहरू र योगदान**

| क्र.सं. | लगानीका स्रोतहरू | लगानी योगदान (प्रतिशत) |
|---|---|---|
| कुल लगानी (निजींसरकारी) | | ३५-४० |
| १ | कुल निजी लगानी | २४-२८ |
| १.१ | आन्तरिक गार्हस्थ बचत | १०-१२ |
| १.२ | विप्रेषण तथा गैरआवासीय नेपाली | ६-७ |
| १.३ | प्रत्यक्ष विदेशी लगानी | ८-९ |
| २ | कुल सरकारी लगानी | ११-१२ |
| २.१ | राजश्व बचत | २-३ |
| २.२ | विदेशी अनुदान | ३ |
| २.३ | विदेशी ऋण | ३ |
| २.४ | आन्तरिक ऋण | ३ |

## अन्तरनिर्भर अर्थतन्त्रको प्रतिफलः रोजगारीसहितको तीव्र आर्थिक वृद्धि

माथिका कार्यक्रमहरूले अर्थतन्त्रका तीनवटै क्षेत्रहरू (कृषि तथा पशुपालन, औद्योगिक तथा सेवाक्षेत्र) हरूलाई गतिशील बनाउने छ। यसबाट निम्न लिखित परिणामहरू आउनेछन् :

१. सरकारी तथा निजी, स्वदेशी तथा विदेशी लगानी मार्फत मुलुकमा दुई दशकसम्म दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल हुनेछ। मुलुकमा आर्थिक स्थायित्व स्थापित हुनेछ।

२. नेपाली नागरिकको उपभोगका लागि धेरैभन्दा धेरै भौतिक बस्तु तथा सेवा उपलब्धता मुलुक भित्रै प्राप्त हुने अवस्था सृजना हुनेछ। यसरी अहिलेको ठूलो बजेट घाटालाई क्रमशः एकतिहाइमा झारिनेछ।

३. तीव्र आर्थिक वृद्धि हुनुसाथ प्रशस्त रोजगारीका अवसरहरू निर्माण हुनगई वर्षमा ४ देखि ६ लाखसम्म युवाहरूलाई मुलुकभित्रै रोजगारी प्रदान गर्न सकिने वातावरण बन्नेछ (तालिका २.३) ।

**तालिका २.३ सिर्जना हुनसक्ने अनुमानित रोजगारी संख्या**

| क्र.सं. | रोजगारीका क्षेत्रहरू | रोजगारीको संख्या (हजारमा) |
|---|---|---|
| १ | पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ, भवन, आइसीटी आदि) | १२५-१५० |
| २ | कृषि तथा पशुपालन | ७५-१२५ |
| ३ | औद्योगिक क्षेत्र (कृषिजन्य, दैनिक उपभोग्य बस्तु, निर्माण सामाग्री आदि) | १००-१५० |
| ४ | सेवा क्षेत्र (पर्यटन, होटल, व्यापार-व्यवसाय आदि) | ७५-१२५ |
| ५ | सरकारी सेवा (प्रशासन, शिक्षा, स्वास्थ्य आदि) | २५-५० |
| | जम्मा | ४००-६००० |

**आयाम २**

## २.२.२ सामाजिक विकास र समन्यायिक वितरण

समाजका सबै वर्ग, जाति, क्षेत्र, लिंग र समुदायलाई समृद्ध बनाउने विकास र समन्यायिक वितरणले समुन्नत समाज निर्माण गर्दछ । अर्थात्, मुलुकभित्र उपलब्ध बस्तु तथा सेवामा सबै नागरिकको न्यायमुलक पहुँच हुनुपर्दछ। मुलुकभित्र विद्यमान आर्थिक विभेदलाई क्रमशः न्यूनीकरण गर्दै, सामाजिक विभेदको अन्त्य गर्ने तथा असहायहरूको सुरक्षा गर्ने दायित्व राज्यको हो । यस अन्तर्गत हाम्रा प्रतिबद्धता निम्नानुसार (हेर्नुहोस् तालिका २.४) हुनेछन् ।

## तालिका २.४ समन्यायिक सामाजिक विकासमा हाम्रा ७ प्रतिबद्धता

**प्रतिबद्धता १- शिक्षा र स्वास्थ्य निःशुल्क**

१. निःशुल्क गुणस्तरीय उच्च शिक्षासम्म सबै नागरिकको पहुँचको दायित्व राज्यको हुनेछ ।

२. सबै नागरिकको स्वास्थ्यको सम्पूर्ण दायित्व राज्यको हुनेछ ।

**प्रतिबद्धता २- गरिबी निवारण**

३. निरपेक्ष गरिवीको रेखामुनि रहेका परिवारको संख्या क्रमशः शुन्यमा झारिनेछ ।

**प्रतिबद्धता ३- सामाजिक विभेदको अन्त्य**

४. महिला हिंसाको अन्त्य र आर्थिक-सामाजिक सशक्तीकरणलाई प्राथमिकतामा राखिनेछ ।

५. दलित समुदाय प्रति हुने सामाजिक विभेदलाई पूर्णरूपले अन्त्य गरिनेछ ।

**प्रतिबद्धता ४- रोजगारी-युवाको मौलिक अधिकार**

६. युवा जनशक्तिलाई सम्मानजनक रोजगारी, जेष्ठ नागरिकको सम्मान र व्यवस्थापनमा राज्यको विशेष भूमिका रहनेछ ।

**प्रतिबद्धता ५- असहाय परिवारलाई राहत र संरक्षण**

७. सहिद परिवार, वेपत्ता परिवार र विभिन्न संघर्षहरूमा घाइते भएका परिवारहरूलाई सरकारी तथा सार्वजनिक सेवा सुविधामा विशेष सुविधा दिइनेछ

८. अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख आदिवासी जनजातिहरूको ऐतिहासिक बसोवास क्षेत्रहरूलाई बिशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्रको रूपमा राज्यले संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

**प्रतिबद्धता ६- सन्तुलित क्षेत्रीय विकास**

९. मानव विकास सूचकाङ्कमा कमजोर जाति तथा क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरू लागु गरिनेछ ।

**प्रतिबद्धता ७- घरघरमा गुणस्तरीय खानेपानी**

१०. आगामी ५ वर्ष भित्रमा सबै नेपालीका घरमा गुणस्तरीय खानेपानी सेवा पुऱ्याइनेछ ।

सामाजिक विकास र समन्यायिक वितरण अन्तर्गत नेसपाका निम्नानुसारका नीति, योजना तथा कार्यक्रमहरू हुनेछन् ।

## १. शिक्षा तथा सीप विकास

शिक्षा नै समतामूलक समाज निर्माणको कडी हो । नेपालको लामो समयदेखि थला पर्दै गएको शिक्षा प्रणालीलाई जगैदेखि रूपान्तरण गर्न निम्न कार्यहरू गरिनेछ ।

(१) शिक्षा क्षेत्रमा व्याप्त दलीयकरण र व्यापारीकरणलाई कडाइपूर्वक अन्त्य गरिनेछ ।

(२) सरकारी तथा सार्वजनिक बिद्यालयमा उच्च माध्यमिक तहसम्म शिक्षा निशुल्क हुनेछ ।

(३) सबै शैक्षिक संस्थाहरूमा कक्षाको संख्याअनुसार शिक्षक दरबन्दी रहने व्यवस्था गरिनेछ ।

(४) सबै विद्यालय तथा क्याम्पस र विश्वविद्यालयहरूमा आधुनिक, वैज्ञानिक तथा व्यवहारिक शिक्षा दिइने नीति लागू गरिनेछ । विद्यालय शिक्षामा सामान्य विषयको भार ३० प्रतिशत र प्राविधिक विषयको भार ७० प्रतिशत हुने गरी पुनःसंरचना गरिनेछ ।

(५) विद्यालयका विद्यार्थीहरूलाई दिँदै आएको खाजा कार्यक्रमको रकमलाई क्रमशः वृद्धि गर्दै लगिनेछ। यो कार्यक्रम ५ वर्षमा उच्च माध्यमिक तहसम्म पुऱ्याइनेछ।

(६) सबै शैक्षिक संस्थाहरूमा फ्रि वाईफाइको सुविधा दिइनेछ ।

(७) नेपाल राष्ट्रिय डिजिटल पुस्तकालय संचालन गरी सबै विद्यार्थीहरूलाई ई-पुस्तक तथा प्रकाशित अनुसन्धानमूलक कृतिहरूमा फ्रीमा पहुँच हुने व्यवस्था गरिनेछ ।

(८) त्रिभुवन विश्वविद्यालयको पुनःसंचरना गरिनेछ ।

(९) विद्यार्थीहरूको मूल्याङ्कन तथा गुणस्तरीय अनुसन्धान कृतिहरूको आधारमा शिक्षकहरूलाई सम्मान गरिने व्यवस्था मिलाइनेछ ।

(१०) उच्च शिक्षाका विद्यार्थीहरूलाई नेपाल तथा विश्व बजारको मागसँग एकाकार हुनेगरी सिप सिकाइने व्यवस्था गरिनेछ ।

नेपालमा राष्ट्रिय सार्वजनिक जिल्ला स्तर र नगरपालिका र गाँउपालिकामा पुस्तकालयको विकास गरी पढ्ने संस्कृतिको विकास गराइने छ ।

## २. स्वास्थ्य क्षेत्र

यस क्षेत्रमा व्याप्त विकृति विसंगति रोक्न र स्वास्थ्य सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाउन निम्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१. पाँच वर्षभित्र सबैलाई स्वास्थ्य बीमा कार्यक्रम लागु गरिनेछ ।
२. गर्भवती महिलालाई निःशुल्क नर्सिङ्ग सेवा र सुत्केरी सेवा दिइनेछ । गरीब किसान तथा मजदुर क्षेत्रका महिलालाई सुत्केरी हुँदा पोषण भत्ता दिने व्यवस्था गरिनेछ । तलबी महिलाको सुत्केरी बिदा, दुई सन्तानसम्मका लागि ६ महिनाको बनाइनेछ । शिशु स्याहार केन्द्रहरूको थप बिस्तार गरिनेछ ।
३. राजमार्ग र रणनीतिक महत्वका स्थानमा ट्रमा सेन्टर स्थापना गरिनेछ । आकस्मिक उपचारको लागि हवाई एम्बुलेन्स र हेलिकप्टर एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
४. असाध्य रोगहरूको उपचारका लागि सरकारले दिँदै आएको सहयोग र निशुल्क औषधि वितरण व्यवस्थालाई पुनरावलोकन गरी प्रभावकारी तुल्याइनेछ । महिला विशेषका रोगहरू स्तन क्यान्सर, पाठेघर खस्ने, पिसाब चुहिने लगायतका समस्याको निःशुल्क उपचार गरिनेछ ।
५. हरेक प्रदेशहरूमा सरकारी स्तरबाट १००० शैयाको अस्पताल सहितको मेडिकल कलेज स्थापना गरिनेछ । हरेक गाउँपालिकामा प्राथमिक अस्पताल स्थापना गर्ने र जिल्लास्तरीय अस्पतालहरूको स्तरोन्नति गरी सुविधा सम्पन्न तुल्याइनेछ । हरेक अस्पतालमा एम्बुलेन्स, फार्मेसी, ल्याब, एक्स-रे, बर्थिङ सेन्टर लगायतका सुविधा २४ सै घण्टा उपलब्ध हुने व्यवस्था गरिनेछ ।
६. कर्णाली लगायत विकट र दुर्गम क्षेत्रमा समयमा अस्पताल पुग्न नसकेर ज्यान गुमाइ रहनु परेको तथ्यलाई मध्यनजर राख्दै महिला र आपतकालीन विरामीहरूको ओसारपसार गर्नका लागि तत्काल ५ वटा हेलिकप्टरको व्यवस्था गरिनेछ ।
७. कोभिड-१९ संक्रामक रोग अझै पूर्णरूपमा नियन्त्रणमा आइनसकेको हुँदा सम्पूर्ण नागरिकलाई निरन्तर निःशुल्क खोपको व्यवस्था गरिनेछ । कोभिड, डेङ्गु जस्ता रोगहरूको नियन्त्रण र उपचारका लागि अस्पतालहरूमा आवश्यक भौतिक पूर्वाधारको विकासलाई प्राथमिकता दिइनेछ ।

### ३. घरघरमा गुणस्तरीय खानेपानी कार्यक्रम

आगामी ५ वर्ष भित्रमा सबै नेपालीका घरमा गुणस्तरीय खानेपानी सेवा पुऱ्याइनेछ ।

### ४. एकीकृत सामाजिक सुरक्षा कार्यक्रम

समतामूलक समृद्ध नेपालमा कोही पनि असहाय र उपेक्षित भएर बाँच्नुपर्ने, भोकै

वा उपचार नपाएर मर्नुपर्ने, न्याय नपाएर तडपिनु पर्ने स्थिति हुनुहुँदैन भन्ने नेपाल समाजवादी पार्टीको मान्यता रहेको छ । यसर्थ निम्न आय भएका परिवार, बालबालिका, जेष्ठ नागरिक, एकल महिला, एकल पुरुष, शारीरिक अपाङ्गता भएका व्यक्तिहरू तथा विपदमा परेका परिवारका सन्दर्भमा सामाजिक सुरक्षा भत्ता र सुविधा वितरणमा दोहोरोपना हटाई एकीकृत सामाजिक सुरक्षा योजना मार्फत न्यूनतम सुविधाजनक जीवनयापन गर्ने व्यवस्था गरिनेछ ।

## एकीकृत सामाजिक सुरक्षा कार्यक्रम

### (१) आर्थिक रूपले विपन्न परिवार केन्द्रित कार्यक्रम

(क) निरपेक्ष गरिबीको रेखामुनि रहेका परिवारको पहिचान कार्यलाई यथाशीघ्र सम्पन्न गरी उनीहरूलाइ विपन्न परिचय कार्ड वितरण गरिनेछ । साथै गरिवीको रेखामुनी रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

(ख) गरिब परिवारका सदस्यहरूलाई निःशुल्क सीपमूलक तालीम प्रदान गरी रोजगारी र स्वरोजगारीमा लाग्न सहयोग गरिनेछ ।

(ग) अति विपन्न परिवारको खानपिन तथा वसोवास, शिक्षा, स्वास्थ्य आदि न्यूनतम आवश्यकता परिपूर्ति हुनेगरी राज्यकोषबाट आर्थिक सहायता दिने व्यवस्था गरिनेछ । यिनीहरूलाई आवश्यक पर्दा कानूनी सेवा निःशुल्क उपलब्ध समेत गराइनेछ ।

**(२) बालबालिका केन्द्रित कार्यक्रम**

(क) हाल बालबच्चाहरूलाई उपलब्ध गराईंदै आएको पोषण भत्ता आवश्यकताका आधारमा देशका ७७ वटै जिल्लामा वडातहबाट प्राप्त गर्ने सकिने गरी लागू गरिनेछ ।

(ख) बौद्धिक अपाङ्गता र अटिज्मको समस्या भएका बालबालिकालाई राहतको व्यवस्था गरिनेछ ।

(ग) असहाय टुहुरा तथा सडक बालबालिकाको खानपिन, शिक्षा, स्वास्थ्य आदिको सम्पूर्ण जिम्मेवारी राज्यले लिनेछ ।

**(३) जेष्ठ नागरिकहरू केन्द्रित कार्यक्रम**

(क) जेष्ठ नागरिकहरूको पेन्सनलाई मर्यादित जीवन बिताउन पुग्ने गरी समयानुकुल वृद्धि गर्दै लगिनेछ ।

(ख) जेष्ठ नागरिकको उपचारका लागि मेडिकल समूह गठन गरी घर घरमा उपचार सेवा पुऱ्याइनेछ ।

(ग) समाजमा अपहेलित र असहाय जेष्ठ नागरिकहरूका लागि जेष्ठ नागरिक मैत्री आवासको व्यवस्था गरिनेछ । यस्ता असहाय नागरिकको लागि खाने, बस्ने औषधी उपचार आदिको सम्पूर्ण व्यवस्था राज्यले गर्नेछ ।

**(४) एकल महिला, एकल पुरुष केन्द्रित कार्यक्रम**

(क) एकल महिला तथा एकल पुरुषलाई रोजगारीमा प्राथमिकता दिइनेछ ।

(ख) रोजगारी प्राप्त नभएसम्म उनीहरूलाई जेष्ठ नागरिक सरह भत्ताको व्यवस्था गरिनेछ ।

**(५) शारीरिक रूपमा फरक क्षमता भएका व्यक्तिहरू केन्द्रित कार्यक्रम**

(क) फरक क्षमता भएका व्यक्तिहरूलाई उनीहरूको क्षमता अनुसारको व्यावसायिक तालिम र रोजगारीको व्यवस्था गरिनेछ ।

(ख) सार्वजनिक स्थल र कार्यालयहरू फरक क्षमतामैत्री बनाइनेछ ।

(ग) सबै प्रकारका फरक क्षमता भएका व्यक्तिहरूलाई सम्मानजनक ढंगले जीवनयापन गर्नका लागि एकिकृत फरक क्षमता सामाजिक सुरक्षा कार्यक्रम लागू गरिनेछ ।

**(६) विपद जोखिम केन्द्रित कार्यक्रम**

(क) कोभिड-१९, डेङ्गुजस्ता महामारी तथा बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपका लागि प्रधानमन्त्री विपद व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरी विपत्तिमा परेका जनताको उद्धार गरिने कार्यक्रम ल्याइनेछ

(ख) कोभिड-१९ का कारण धरासायी हुन पुगेका उद्योग/व्यवसायको पुनःस्थापना गरिने कार्यक्रम ल्याइनेछ ।

**५. अल्पविकसित क्षेत्र लक्षित कार्यक्रम -**

मानव विकास सूचकाङ्कमा कमजोर कर्णाली तथा मधेस प्रदेशको कतिपय जिल्लाका विकासका लागि विशेष कार्यक्रमहरू लागु गरिनेछ ।

- मधेसलाई देशको खाद्यभण्डारको रुपमा स्थापित गर्न कृषिको आधुनिकीकरणको विशेष एकीकृत योजना वनाएर कार्यान्वयन गरिनेछ ।
- विकासको सोपानमा सवभन्दा पछाडि परेको कर्णालीको द्रूत विकासकोलागि विशेष एकीकृत योजना वनाएर कार्यान्वयन गरिनेछ ।
- सीमान्तकृत जातिहरुको वसोवास रहेको क्षेत्रहरुको विकासनिम्ति विशेष योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**६. महिला लक्षित कार्यक्रम**

नेपाल समाजवादी पार्टीले लैंङ्गिक समानता र न्यायमा आधारित महिला सशक्तीकरणका निम्नानुसारका कार्यहरू गर्नेछ :

(१) नेपालको संविधानमा उल्लेख भए बमोजिम महिलाहरूको शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण र सामाजिक सुरक्षा लगायत सबै क्षेत्रमा समानता र राज्यका सबै अंगहरूमा समावेशी समानुपातिक प्रतिनिधित्वको हकलाई कडाईपूर्वक कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनेछ ।

(२) महिला हिंसाको अन्त्यका लागि फास्ट ट्र्याक महिला न्याय यूनिट को व्यवस्था हुनेछ । साथै हिंसा पीडित महिलाहरूलाई राज्यले नै क्षतिपूर्ति दिने प्रबन्ध गरिनेछ भने दोषीलाई कडाईपूर्वक दण्डित गर्ने व्यवस्था गरिनेछ । हिंसाबाट पिडित महिलाहरूको पुनर्स्थापना र उद्धारका लागि हरेक जिल्लामा १/१ वटा आवासीय सुविधा सहितका मनोसामाजिक परामर्श केन्द्र स्थापना गरिनेछ ।

(३) महिला र पुरुषका लागि समान कामको समान ज्यालाको नीति कार्यान्वयन गरिनेछ ।

(४) महिलाले गर्ने घरेलु तथा पारिवारिक कृषि कार्यको मूल्याङ्कन, उत्पादन कार्यको रूपमा गणनागरी राष्ट्रिय आयमा गणना गर्ने व्यवस्था गरिनेछ ।

(५) संयुक्त धनी पूर्जाको व्यवस्था गरिनेछ । पैतृक सम्पत्तिमा समान अधिकार प्राप्तिको संवैधानिक व्यवस्था कडाईपूर्वक कार्यान्वयन गराईनेछ ।

(६) छात्राहरूलाई सफा शौचालय साथै स्यानीटरी प्याडको उचित व्यवस्था गरिनेछ ।

(७) तराई/मधेशमा बेटी बचाउ, बेटी पढाउ अभियानलाई अझ प्रभावकारी

बनाईनेछ ।

(८) महिलाको क्षमता विकासको लागि उद्यमशिलता विकास, उत्पादन र व्यवस्थापन सम्बन्धी वित्तीय तालिमको संचालन गरिनेछ । साथै यसका लागि उनीहरूलाई बिउ पूँजीको पनि व्यवस्था गरिनेछ ।

(९) राज्यका सबै संयन्त्रहरूमा महिलाको गुणस्तरीय सहभागिता, प्रतिनिधत्व र नेतृत्व विकासमा जोड दिइनेछ । उच्च शिक्षा र विज्ञता हासिल गरेकाहरूलाई प्रतिनिधत्व र नेतृत्वको मौका दिइनेछ । संवैधानिक निकाय, संघीय र प्रादेशिक आयोगहरूका साथै मन्त्रीमण्डलहरूमा समेत समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

(१०) कृषि, कुटिर तथा साना उद्योग र व्यवसाय जस्ता बिषयहरूमा महिला सशक्तिकरण कार्यक्रम संचालन गरी महिलाहरूको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरिनेछ । साथै महिला उद्यमीहरूलाई व्यवसायिक ऋणमा २५ प्रतिशत ब्याज छुट दिइनेछ ।

(११) दलित, एकल, असहाय, शारीरिक फरक क्षमता भएका, लैंगिक साथै धार्मिक अल्पसंख्यक, आदिवासी, मधेसी, गरिब र ग्रामीण महिलाहरूलाई राजनीतिक, सार्वजनिक र पेशागत क्षेत्रमा समान र समावेशी सहभागिताको ग्यारेन्टी गरिनेछ ।

(१२) मानसिक समस्यामा परेका, अपाङ्गता भएका र सबैखाले हिंसामा परेका महिलाहरूलाई पुनस्थापना गृहहरूमा पर्याप्त कानूनी मनोसामाजिक परामर्शदाता, चिकित्सकीय र जनजीविकालाई सहयोग पुग्ने सुविधाहरूको व्यवस्था गरिनेछ ।

(१३) गरिबी निवारण र सामाजिक सुरक्षा सम्बन्धी सरकारी नीति र कार्यक्रमहरू निर्माणमा महिलाहरूको सक्रिय र अर्थपूर्ण सहभागिता गराईनेछ ।

(१४) लैंगिकमैत्री विद्यालय/कलेज पूर्वाधारमा जोड दिइनेछ । विद्यालय शिक्षा पूरा नगरेकाहरूलाई व्यवसायिक शिक्षा सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । महिलालाई उच्च शिक्षा अध्ययनका लागि बिना धितो सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ ।

(१५) दिनानुदिन बढदै गैरहेका महिला माथि हुने सबै प्रकारका हिंसाहरू, छाऊपडी, बालविवाह, भ्रूण हत्या, छुवाछुत, महिला ओसारपसार र बेचबिखन, बलत्कार, यौन हिंसा, बालिकाहरूको घरेलु र अनौपचारिक कामको अवमूल्यन आदिको उन्मूलन हुनेगरी आवश्यक अवधारणाहरूको थालनी गरिनेछ । पितृसतात्मक

शोषण र विभेदको अन्त्य गरी सबै क्षेत्रमा पुरुष सरह समान अधिकारको प्रत्याभूति गराईनेछ ।

(१६) ८० प्रतिशत महिला कृषि क्षेत्रमा आबद्ध रहेको वर्तमान अवस्थामा महिला कृषकलाई सहभागिता, श्रोत परिचालन र निर्णय गर्ने अधिकारको प्रत्याभूत गरिनेछ ।

### ७. दलित समुदाय लक्षित कार्यक्रम

नेपालमा छुवाछुत र सामाजिक विभेद कानूनी रूपमा अन्त्य भएता पनि योजनाबद्ध कार्यन्वयन हुन सकेको छैन । अहिले पनि यो समुदाय सामाजिक रूपमा अपमानित छ । दलित समुदायको सम्मानजनक जीवनयापन र आर्थिक उन्नति प्रगतिका लागि निम्नानुसारका कार्यहरू गरिनेछ ।

## दलित समुदाय सशक्तीकरण कार्यक्रम

### १. संवैधानिक अधिकारको प्रभावकारी कार्यान्वयन

(क) नेपालको संविधानमा धारा २४ मा रहेको छुवाछुत तथा भेदभाव विरुद्धको हक तथा धारा ४० को दलितको हकको प्रावधानहरूलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्न दलित तथा गैर दलित समुदायका विज्ञ ब्यक्तिहरूको टोलीबाट रणनीतिक योजना बनाईनेछ ।

### २. दलित समुदायको समावेशीकरण तथा सशक्तीकरण कार्यक्रम

(क) राजनीतिक दलहरूको विभिन्न तहका कार्यकारिणी समितिमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने ऐन बनाएर लागु गरिनेछ । साथै, राज्यका सम्पूर्ण संरचना, संयन्त्र, सेना, प्रहरी, सार्वजनिक सेवा क्षेत्रहरू र निकायहरूमा पनि समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ ।

(ख) दलित समुदायको आर्थिक सामाजिक विकासका लागि ऐनद्वारा नै दलित विकास परिषदको गठन गरिने छ ।

(ग) भूमिहीन दलितलाई जमिन र आवस विहिन गन्धर्व, वादी, डोम मुसहरहरू लगायतलाई आवासको व्यवस्था गरिनेछ ।

(घ) दलित समुदायको आर्थिक विकासको लागि दलित समुदायको नेतृत्वमा अर्ध-सरकारी बैंकको स्थापना गरिनेछ ।

### ३. दलित रोजगार अभिवृद्धि कार्यक्रम

दलित समुदायका परम्परागत पेशा र सिपको आधुनिकीकरण र व्यावसायिकीकरण गरी रोजगारी अभिवृद्धि गर्ने र आर्थिक रूपमा उनीहरूलाई सक्षम बनाउने कार्यक्रम ल्याइनेछ । सबै विद्यालयहरूमा कम्तिमा एक जना दलित शिक्षक राख्ने व्यवस्था गरिनेछ ।

**८. युवा लक्षित कार्यक्रम-** युवा समूहका निम्ति निम्नानुसारका कार्यक्रमहरू ल्याइनेछ ।

१. २१ वर्षदेखि ३० वर्षसम्मका युवाहरूका लागि कम्तिमा वार्षिक १०० दिन रोजगारी वा सो बराबरको भत्ता उपलब्ध गराउने नीति लिइनेछ । यस्तो कार्यक्रमलाई दीगो र प्रभावकारी बनाउन एक युवा रोजगार कोषको स्थापना गरिनेछ ।

२. पर्यटक गाइड तथा होम स्टे कार्यक्रमहरू सञ्चालन, काष्ठ तथा फर्निचर, टेक्सटाइल (साना तथा मझौला), इलेक्ट्रिकल-मेकानिकल सामग्री, कृषि तथा पशुपालन, वागवानी, सिमेन्ट, इट्टा, साबुन, डिटर्जेण्ट, होटल-पार्टी प्यालेस, पेट्रोलपम्प स्थापना तथा सञ्चालन जस्ता विषयहरूमा रोजगारी एवं उत्पादनमूलक विषयगत तालिमको व्यवस्था गरिनेछ ।

३. खेलकुद क्षेत्रमा लाग्न चाहने युवाहरूलाई प्रोत्साहनमूलक कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।

४. वैदेशिक रोजगारीबाट फर्किएर आएका र जलविद्युत, उद्योग, कृषि क्षेत्रमा लगानी गर्न चाहने युवाहरूलाई उनीहरूले सिर्जना गर्ने रोजगारी संख्याका आधारमा आर्थिक सहयोग गर्ने नीति हुनेछ । वैदेशिक रोजगारमा गएका युवाहरूको व्यक्तिगत सुरक्षा, उनीहरूले कमाएको पुँजी जलविद्युत, उद्योगधन्दा जस्ता योजनामा सेयर लगानी गर्न पाउने विशेष व्यवस्था गरिनेछ ।

## ९. सहिद परिवार, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख आदिवासी जनजाति लक्षित कार्यक्रम

१. सहिद परिवार, बेपत्ता परिवार र विभिन्न संघर्षहरूमा घाइते भएका परिवार हरूलाई सम्मान गरिने कार्यक्रम ल्याइनेछ। उनीहरूलाई सरकारी तथा सार्वजनिक सेवा सुविधामा कानून बनाएर विशेष सुविधा दिने व्यवस्था गरिनेछ।
२. अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख आदिवासी जनजातिहरूको ऐतिहासिक बसोवास क्षेत्रहरूलाई बिशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्रको रूपमा कायम गरिनेछ।
३. सबै जाति, जनजातिहरूले बोल्ने मातृभाषालाई राज्यले संरक्षण तथा प्रबर्द्धन गर्नेछ। स्थानीय सरकारी कामकाजी भाषामा नेपाली भाषाको अलावा सम्बन्धित स्थानीय भाषा समेत हुने व्यवस्था गरिनेछ।
४. यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई पहिचानका आधारमा नागरिकता दिइनेछ। उनीहरूलाई शिक्षा र स्वास्थ्यमा विशेष प्रोत्साहन र विवाहको अनुमति दिने कानूनी व्यवस्थाका लागि सहजीकरण गरिनेछ।

## १०. विदेशमा रहने नेपालीहरू लक्षित कार्यक्रम

१. विदेशमा रहने नेपाली नागरिकहरूलाई आफू वसेकै देश वा नजिकको दूतावास/वाणिज्य दूतावासबाट मतदानको अधिकार सुनिश्चित गरिनेछ।
२. गैर-आवासीय नेपाली (एनआरएन)हरूलाई छिटो विशेष नागरिकताको व्यवस्था गरी नेपालमा लगानी गर्न, सम्पत्ति कायम गर्न र देशको विकासमा योगदान गर्न सहज बनाइनेछ।
३. ब्रिटिश गोर्खाहरुलाई नेपाली नागरिकताको निरन्तरता दिने व्यवस्था गरिनेछ।
४. वैदेशिक रोजगारीमा जाने नेपालीले श्रमिकहरुको हकहितको रक्षानिम्ति विशेष कार्यक्रम ल्याइनेछ।

## सामाजिक विकास र समन्यायिक वितरणको प्रतिफल

१. हाम्रो समाजवादी व्यवस्थामा राज्य लोक कल्याण र सामाजिक सुरक्षाको यन्त्र हुने छ। यस्तो व्यवस्थामा शिक्षा, स्वास्थ्य, रोजगार, आवास, खाद्य सम्प्रभुता र सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा प्रत्याभूति गर्नेछ। यसरी नेपाल एक लोककल्याणकारी राज्य व्यवस्था भएको मुलुकको रूपमा विकसित हुनेछ।

## २.२.३ वातावरणीय संरक्षण र दीगो विकास

जल, जमिन, जंगल, जडीबुटी, जैविक विविधता जस्ता भौगोलिक तथा प्राकृतिक संसाधन नै कृषि, औद्योगिक विकासका आधारभूत तत्वहरू हुन् । मुलुकको समृद्धिका लागि यी संसाधनहरूको प्रभावकारी उपयोग गर्नुपर्दछ । जलस्रोतको उपयोग खानेपानीको लागि मात्र नभएर सिंचाइ, जलविद्युत उत्पादनको लागि गरिन्छ । गुणस्तरीय माटो कृषि उत्पादकत्व बढाउनको लागि जोगाइराख्नु पर्दछ । जंगलमा उपलब्ध काठहरू विभिन्न पूर्वाधार निर्माण सामाग्रीको रूपमा मात्र नभएर ढोका, दराज, टेबल, कुर्ची जस्ता काष्ठजन्य बस्तु निर्माणका लागि समेत प्रयोगमा आउँछन् । वनजंगलले वायुमण्डल स्वच्छ राख्नका लागि समेत विशेष महत्व राख्दछन् । जडीबुटी औषधिमूलो बनाउन र जैविक विविधता पर्यावरणीय संतुलनका लागि चाहिन्छ । साथै, दीगो विकासका लागि यी संसाधनहरूको निरन्तर उपलब्धता भइरहनु पर्दछ । त्यसैगरी मुलुकमा भएका हिमालय, नदीनाला, ताल तलाउ तथा मुलुक भित्रका बहुसांस्कृतिक धरोहरहरूले पर्यटकहरूलाई नेपालभित्र भित्र्याउन समेत मद्दत गर्दछ । यसर्थ नेसपाले यसका लागि निम्नानुसारको कार्यक्रमहरू लागु गर्नेछ ।

१. **प्राकृतिक संसाधनको गुणस्तर संरक्षण कार्यक्रम-** भूक्षय न्यूनीकरण, माटोमा जैविक पदार्थको वृद्धि, जलप्रदुषण नियन्त्रण, वनजंगल तथा जैविक विविधताको संरक्षण जस्ता कार्यक्रमहरू आवश्यकता अनुसार नीतिगत व्यवस्था गरी प्रभावकारी रूपमा संचालन गरिनेछ ।

२. **वैज्ञानिक फोहर व्यवस्थापन-** शहरीक्षेत्रमा फोहर व्यवस्थापन गर्न थ्रीआर (रियुज, रिसाइकल, रिड्युस) सिद्धान्तलाई प्रभावकारी रूपमा लागु गरिनेछ ।

३. **प्राकृतिक प्रकोप न्यूनीकरणका कार्यक्रम -** बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोप संभावित स्थानहरूको वैज्ञानिक अध्ययन गरी जोखिम क्षेत्रहरू वर्गीकरण गर्ने र तदनुरूप जोखिम न्यूनीकरणका लागि कार्यक्रम ल्याइनेछ ।

४. **जलवायु परिवर्तन अनुकुलन कार्यक्रम-** पृथ्वीको तापक्रममा निरन्तरको वृद्धिले हिमालमा हिउँ पग्लने, वायुमण्डलमा प्रदुषण बढ्ने, अतिवृष्टि, अल्पवृष्टि जस्ता नकारात्मक प्रभावहरू पारिरहेको छ । यसले मानवजाति मात्रै होइन पृथ्वीको अस्तित्व नै संकटमा पार्दै लगिरहेको छ । यसर्थ जलवायु परिवर्तन अनुकुलनका

अनुसन्धान तथा पूर्व तयारी जस्ता कार्यहरूमा विश्वका अन्य मुलुकहरूसँग हातेमालो गर्दै अघि बढ्ने नीति लिइनेछ । वायुमण्डलको तापक्रम र प्रदुषण वृद्धि गर्ने कार्वनजन्य उर्जाको प्रयोग घटाउँदै लगेर केही दशकभित्र पूर्ण हरित उर्जाको प्रयोग गर्ने नीति लिइनेछ ।

**वातावरणीय संरक्षणको परिणाम**

१. यसले मुलुकको प्राकृतिक संसाधनको विवेकपूर्ण उपयोग मार्फत द्रुतविकासलाई निरन्तरता दिन सहयोग पुऱ्याउनेछ । साथै लोककल्याणकारी राज्य व्यवस्थालाई सुदृढ बनाउन मद्दत समेत गर्नेछ । यसले मानवीय खुसीमा वृद्धि गर्न मद्दत पुऱ्याउनेछ ।

२. मुलकको दीगो विकास र स्वस्थ जीवनको लागि उपयोगी हुनेछ ।

## आयाम ४

## २.२.४ मानवीय खुसी

मानिस सुखी हुनमात्र होइन खुसीसाथ जीवनयापन पनि गर्न चाहने हुनाले मानवीय खुसीलाई नेसपाले समृद्धिको एक मुख्य आयाम मानी प्राथमिकतामा राखेको छ । यस आयम अन्तर्गत निम्नानुसारका कार्यक्रमहरू रहनेछन् ।

**१. संस्कृतिको संरक्षण र संवर्द्धन कार्यक्रम-** नेपाल बहुराष्ट्रिय, बहुभाषिक, बहुसांस्कृतिक र क्षेत्रीय विविधतायुक्त विविध जाति, भाषा, धर्म, संस्कृति र मनोविज्ञानले बनेको मुलुक भएकोले यी पक्षहरूको संरक्षण र संवर्द्धनले संबन्धित समाजमा रहने मानिसहरूलाई आत्मसन्तुष्टि प्रदान गर्दछ । त्यसैले नेसपाले बहुलसांस्कृतिक आयामहरूको संरक्षण र संवर्द्धनमा विशेष ध्यान दिने नीति लिनेछ ।

**२. ध्यान, योग जस्ता आध्यात्मिक कार्यक्रम-** ध्यान योगले मानिसलाई आत्मिक शान्ति प्रदान गर्ने भएकोले यो क्षेत्रको प्रवर्द्धनका लागि मुलुकका विभिन्न स्थानहरूमा ध्यानयोग केन्द्रहरू खोलिनेछ ।

**३. खेलकुद विकास कार्यक्रम**-खेलकुदले युवाहरूलाई शारीरिक तन्दुरुस्ती कायम राख्नुका साथै मनमा खुसीयाली पनि ल्याउन मद्दत गर्दछ । अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याइने खेलकुदका कार्यक्रमहरूले मुलुकको सम्मान समेत बढाउँदछ । यसर्थ खेलकुद सम्बन्धी कार्यक्रमहरूको प्रबर्द्धनमा विशेष ध्यान दिने नीति लिइनेछ ।

**४. मनोरञ्जनात्मक कार्यक्रम-** काम, आराम र मनोरञ्जन, यी तीन चीजहरूले मात्र मानव जीवनलाई सन्तुलमा राख्दछ। तसर्थ संगीत, साहित्य, खेलकुद, चिडियाखाना, पुरातात्विक म्यूजियम, विज्ञान पार्क/पुस्तकालय आदिको विकासमा विशेष ध्यान दिइनेछ । यसमा लाग्ने स्रष्टाहरूको विकास तथा सम्मानका कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ ।

**मानवीय खुसीको परिणाम**

१. सबै नेपालीहरूको मनमा खुसीयाली छाउनेछ। यसले सुसंस्कृत समाज निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

२. यसले परोक्ष रूपमा तीव्र आर्थिक विकास र दीगो विकासको लागि आवश्यक उत्प्रेरक जनशक्ति निर्माण गर्न मद्दत पुऱ्याउनेछ।

# ३. मतदाताहरूसँग अपिल

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

यही २०७९ मंसीर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन निकै दूरगामी महत्वको छ । संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएपछि यो दोस्रो आमनिर्वाचन हो । २०७४ सालमा भएको आम निर्वाचनपछि बनेको झन्डै दुई तिहाइ बहुमत नजिकको सरकारले पनि पूरा कार्यकाल पूरा गर्न नसकेबाट हाम्रो निर्वाचन प्रणाली र शासकीय स्वरूपमा गम्भीर त्रुटि छ र त्यो त्रुटि नसच्याएसम्म देशमा राजनीतिक स्थिरता हुन्न र राजनीतिक स्थिरताबिना देशमा सुशासन र समृद्धि आउन्न भन्ने पुष्टि भैसकेको छ । यही तथ्यलाई आत्मसात गर्दै हामीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसद्को माग उठाएका छौँ र समावेशीता, संघीयता, सुशासन, समृद्धि र समाजवादको ध्येय अनुसरण गर्ने नेपाल समाजवादी पार्टी (नेसपा)को रूपमा वैकल्पिक शक्ति निर्माण गरेर तपाईंहरू समक्ष उपस्थित भएका छौँ ।

हामी अहिले शैशवकालमै छौँ । तर हाम्रो दृष्टिकोण र लक्ष्य प्रस्ट छ । आगामी दिनमा देशमा प्रगतिशील लोकतान्त्रिक र समाजवादी शक्तिहरूको वृहत् ध्रुवीकरण गरेर भरपर्दो वैकल्पिक शक्ति निर्माण गर्ने हाम्रो लक्ष्य छ । तत्काल हामी संघीय लोकतान्त्रिक गणतन्त्रलाई धराशायी पार्ने प्रतिगमनकारी शक्तिहरूका विरुद्ध लड्ने अग्रगमनकारी शक्तिहरूको वृहत् गठवन्धनको हिस्सा बनेर यो आम निर्वाचनमा प्रस्तुत भएका छौँ ।

नेसपा यो निर्वाचन प्रयोजनको लागि गठबन्धनको एउटा प्रमुख घटक नेकपा (माओवादी केन्द्र) को चुनाव चिन्ह **'गोलाकारभित्रको हँसिया र हतौडा'** लाई विधिवत् साझा चुनाव-चिन्ह बनाएर तपाईंहरू समक्ष उपस्थित भएको छ । अतः **'गोलाकारभित्रको हँसिया र हतौडा'** चुनाव-चिन्हमा मतदान गरेर प्रतिनिधिसभा र प्रदेशसभाका प्रत्यक्ष तथा समानुपातिक तर्फका उम्मेदवारहरूलाई विजयी बनाउन हामी सबै आदरणीय मतदाताहरूसँग विनम्र अनुरोध गर्दछौँ । साथै आ-आफ्नो चुनाव-चिन्ह लिएर उपस्थित भएका अग्रगामी गठबन्धनका सबै घटकका उम्मेदवारहरूलाई पनि मतदान गरेर विजयी बनाउन हार्दिक आग्रह गर्दछौँ ।

धन्यवाद !

२०७९ कार्तिक

**नेपाल समाजवादी पार्टी**

# अनुसूचि

आर्थिक विकास तथा समृद्धिका योजनाहरू

संघीय स्तर र प्रादेशिक स्तरमा निम्नानुसारका रणनीतिक महत्वका आयोजनाहरूलाई बजेटको कमि हुन नदिई सम्पन्न गरिनेछ ।

**१. संघीय स्तरबाट विकास गरिने रणनीतिक महत्वका योजनाहरू**

**ऊर्जा:**

१. पञ्चेश्वर, पश्चिम सेती, माथिल्लो कर्णाली, नल्सिङगढ, बुढीगण्डकी, दुधकोशी जस्ता ठूला जलविद्युत परियोजनाहरूको निर्माण ।

२. पूर्व पश्चिम र मध्य पहाडी लोकमार्गको समानान्तर ७६५ केभीको प्रसारण लाइन , कर्णाली, गण्डकी र कोशी कोरिडोरमा ४०० केभीको प्रसारण लाइनको निर्माण ।

**सडक:**

३. चारलेनको मध्यपहाडी लोकमार्ग, ६ लेनको पूर्व-पश्चिम लोकमार्ग (एशियाली मार्ग)तथा ४ लेनको तराई-मधेशको हुलाकी लोकमार्गहरूको निर्माण ।

४. चीन र भारतको बीचमा गतिशील पुल बन्न सहयोग पुग्ने गरी ४ लेनका सेती-महाकाली, कर्णाली, गण्डकी र कोशी गरी चारवटा उत्तर दक्षिण जोडने लोकमार्गहरूको निर्माण ।

५. काठमाडौं-बीरगञ्ज द्रुत मार्ग (फास्ट ट्र्याक) को निर्माण ।

६. कम्तीमा एउटा मूल लोकमार्गसँग हरेक प्रदेशका राजधानीसँग जोडिने गरी ४ लेनका सडकहरूको निर्माण ।

**रेलमार्ग:**

७. पूर्व पश्चिम लोकमार्गको समानान्तर एक दिनमा मेची-काली यात्रा गर्न सकिने गतिको पूर्व-पश्चिम चल्ने रेल मार्ग को निर्माण ।

८. रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी-चितवन-काठमाडौं रेल लुप निर्माण ।

९. काठमाडौं-विरगञ्ज रेलमार्ग निर्माण ।

**हवाइ तथा जलमार्ग:**

१०. काठमाडौं एयरपोर्टलाई आत्याधुनिक सुविधायुक्त अन्तर्राष्ट्रिय स्तरको विमानस्थलमा स्तरोन्नति ।

११. निजगढमा आत्याधुनिक सुविधायुक्त अन्तर्राष्ट्रिय स्तरको विमानस्थल निर्माण ।

१२. पोखरा, विराटनगर, भैरहवा, नेपालगञ्ज, सुर्खेत र धनगढीमा एकएक अन्तर्राष्ट्रिय स्तरको विमानस्थल निर्माण तथा स्तरोन्नति ।

**केवलकार:**

१३. काठमाडौं देखि सगरमाथा बेसक्याम्प सम्म केवलकार ।

१४. दिपायल-खप्तड-रारा, सुर्खेत-जुम्ला, पोखरा-जोमसोम, विदुर-केरुङ, उदयपुर-ओखलढुङ्गा, धनकुटा-खाँदबारी ।

हिमाली पर्यटकीय पदमार्ग:

१५. हिमाली भेगमा पूर्वदेखि पश्चिमसम्मको पदयात्रा गर्न सकिने 'हिमाली पर्यटकीय पदमार्ग' को निर्माण ।

**सिंचाइ:**

१६. तमोर-मोरङ डाइभर्सन, सुनकोशी-कमला डाइभर्सन, सुनकोशी-मरिन डाइभर्सन, भेरी-बबइ डाइभर्सन, कालीगण्डकी-तिनाउ डाइभर्सन ।

विशेष औद्योगिक क्षेत्र:

१७. हरेक प्रदेशका कम्तीमा दुई स्थानहरू पर्ने गरी २० स्थानहरूलाई विशेष औद्योगिक क्षेत्रको रूपमा विकास ।

**खानी उद्योग:**

१८. फलाम, युरेनियम तथा पेट्रोलियम पदार्थको उत्खनन् तथा विकास ।

वातावरण संरक्षण:

१९. चुरे संरक्षण ।

विज्ञान, प्रविधि तथा अन्वेषण:

२०. हरेक प्रदेशमामा एकएक विज्ञान, प्रविधि तथा अन्वेशण प्रज्ञा प्रतिष्ठानहरूको स्थापना।

**खेलकुद:**

२१. खेलकुदको विकासको लागि एक अन्तर्राष्ट्रिय स्तरको रंगशाला र एक खेलकुद महाविद्यालय ।

**भू-उपग्रह:**

२२. मुलुकको सूचना सुरक्षाका लागि एक भू-उपग्रह अन्तिक्षमा संचालन ।

## २. प्रदेश स्तरबाट विकास गरिने रणनीतिक महत्वका आम योजनाहरू

**प्रादेशिक राजधानी र शहरः**

१. मुलुकका सातवटै प्रदेशहरूमा एशियाली मापदण्ड र विशेष पहिचान सहितका सुन्दर प्रादेशिक राजधानीहरूको विकास । यसैगरी हरेक प्रदेशमा दुई/दुई प्रादेशिक व्यापारिक तथा सांस्कृतिक शहरहरूको विकास ।

**शिक्षाः**

२. हरेक प्रदेशमा अन्तर्राष्ट्रिय स्तरका एउटा विश्वविद्यालयको स्थापना ।

३. हरेक प्रदेशमा अन्तर्राष्ट्रिय स्तरका एउटा नेपाल टेक्निकल इन्स्टिच्युटको स्थापना ।

४. हरेक प्रदेशमा एउटा व्यावसयिक तालिमका लागि सिटीइभिटी जस्ता इन्स्टिच्युटको स्थापना ।

५. हरेक प्रदेशमा एउटा प्रादेशिक सार्वजनिक पुस्तकालय स्थापना ।

**स्वास्थ्यः**

६. हरेक प्रदेशमा दुई/दुई ५०० सैयाका ठूला अस्पतालहरूको स्थापना ।

**खेलकुद तथा मनोरञ्जनः**

७. हरेक प्रदेशमा एउटा रंगशाला, सुविधाजनक ठूला पार्कहरू र चिडियाखानाहरूको निर्माण ।

**नगरपालिकाको पहिचान र आईसीटी हबः**

८. एक नगरपालिका एक विशिष्ट पहिचान सहित २ नगरपालिकालाई आईसीटी हबका रूपमा विकास ।

**कला साहित्य र संस्कृतिः**

९. कला सहित्य र संस्कृतिको विकासका लागि हरेक प्रदेशमा एकएक प्रतिष्ठान ।

# केही नाराहरू

नेपाल समाजवादी पार्टीको दूरदृष्टि !
सबैलाई लोकतन्त्र, सबैलाई समृद्धि ! !

नेपाल समाजवादी पार्टीको मूलमन्त्र !
समावेशी समानुपातिक, सहभागितामूलक लोकतन्त्र !!

शिक्षा; स्वास्थ्य र रोजगारी !
राज्यको प्रमुख जिम्मेवारी !!

देशभित्र उत्पादन देशभित्रै रोजगारी !
समृद्ध नेपाल, सम्मानित नेपाली !!

पहिचान, संघीयता, सुशासन र सदाचार !
राज्यमा समान पहुँच, समृद्धिको आधार !!

विज्ञान, प्रविधि र अनुसन्धान !
देशको समृद्धि, विदेशमा मान !!

सबैको समृद्धि, सबैको पहिचान !
गोलाकारभित्रको हँसिया-हतौडा चिन्हमा मतदान !!

गोलाकार भित्रको हँसिया हथौडा छाप चिन्हमा मतदान गरौं

# नेपाल समाजवादी पार्टी

## केन्द्रीय कार्यालय, काठमाण्डौं

गोलाकार भित्रको हँसिया हथौडा चुनाव चिन्हमा मतदान गरौं

प्रतिबद्धतापत्र–२०७९
नेपाल समाजवादी पार्टी



# बाबुराम भट्टराईको 'अर्थमन्त्री तथा प्रधानमन्त्रीकालका १० प्रमुख कामहरू

१. काठमाडौंको सडक विस्तार

२. राजश्व संकलनमा रेकर्ड वृद्धि

३. सेना समायोजन प्रक्रियालाई पूर्णता

४. तीन लाख साना किसानहरूको ऋण मिनाहा

५. युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम

६. लगानी बोर्डको गठन

७. राष्ट्रिय गौरवका 'आयोजनाहरूको प्रारम्भ

८. स्वदेशी वस्तुहरूको उत्पादन र उपभोगमा जोड

९. नीति अनुसन्धान प्रतिष्ठानको गठन

१०. प्रबुद्ध व्यक्तिहरूको समूह (EPG) को अवधारणा

प्रतिबद्धतापत्र–२०७९

नेपाल समाजवादी पार्टी



# नेपालीको भविष्य, हाम्रो परिकल्पना

सबैको राम्रो स्वास्थ्य

जनता केन्द्रित आर्थिक विकास

वातावरण मैत्री जीवनशैली

सबैलाई विश्वस्तरीय शिक्षा

गोलाकार भित्रको हँसिया हथौडा चुनाव चिन्हमा मतदान गरौं

## सबैको लोकतन्त्र, सबैको समृद्धि

सामाजिक न्याय/समानता

व्यक्तिगत स्वतन्त्रता

चुस्त सेवा दिने सरकार

भ्रष्टाचार रहित सरकार



**देशभित्र उत्पादन, देशभित्रै रोजगारी**